मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १५ | २०८० साल मंसिर १७ गते आइतबार | Sunday 03, December 2023 | सूर्योदयः बिहान ६:३८ बजे | सूर्यास्तः साँझ ५:११ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# धनुषामा ६६७ करोड बेरुजु




**अनिल पोखरेल**
**जनकपुरधाम ।**
धनुषाका १६ पालिकाले विभिन्न योजना तथा कार्यक्रम सञ्चालनक्रममा उपभोक्ता समिति, फर्म तथा व्यक्तिबाट ६ अर्ब ६७ करोड ७ लाख ५० हजार रुपैयाँ असुल गर्न बाँकी रहेको छ । महालेखा परीक्षकको प्रतिवेदन २०७९ ले बेरुजु देखाउँदै रकम असुल गर्न सुझाव दिएको छ ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा बेरुजु फछर्यौटको व्यवस्था छ । ऐनको दफा ८४ (२) (घ) बमोजिम बेरुजु फछर्यौट गर्ने गराउने कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था भए पनि धुनषाका कुनै पनि प्रमुख प्रशासकीय अधिकृतले बेरुजु असुल गर्न तदारुकता नदेखाएको महालेखाको प्रतिवेदनमा लेखिएको छ । महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७९ अनुसार सबैभन्दा बढी सबैला नगरपालिकाको ९४ करोड ५१ लाख ४१ हजार रुपैयाँ बेरुजु छ ।
दोस्रोमा हंसपुर नगरपालिकामा ७२ करोड ८३ लाख ४९ हजार रुपैयाँ बेरुजु देखिएको छ भने प्रादेशिक राजधानीसमेत रहेको जनकपुरधाम उपमहानगरपालिकाको ७१ करोड ४७ लाख ३७ हजार रुपैयाँ बेरुजु छ ।
सबैला नगरपालिकामा गतवर्षसम्म ८५ करोड ११ लाख ५३ हजार रुपैयाँ बेरुजु देखिएकामा गतवर्ष अद्यावधिक बेरुजुपछि ९४ करोड ५१ लाख ४१ हजार रुपैयाँ पुगेको छ । धेरैजसो बेरुजु देखिएको रकमको शीर्षकमा प्रमाण कागजात पेस नगरेको, पेस्की बाँकी, असुल गर्नुपर्ने र नियमित गर्नुपर्नेलगायत छन् ।
जनकपुरधाम उपमहानगरपालिकाको गत आर्थिक वर्षसम्म १ अर्ब ५ करोड ६३ लाख २७ हजार रुपैयाँ बेरुजु रहेकामा २०७८–७९ मा ३४ करोड १५ लाख ९० हजार रुपैयाँ बेरुजु फछर्यौट गरेर अद्यावधिकमा ७१ करोड ४७ लाख ३७ हजार रुपैयाँ बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ ।
क्षीरेश्वरनाथ नगरपालिकाको अघिल्लो आर्थिक वर्षसम्ममा विभिन्न शीर्षकमा ३ करोड ९२ लाख ७४ हजार रुपैयाँ बेरुजु देखाएकामा २०७८–७९ सम्ममा १८ करोड ५० लाख ८० हजार रुपैयाँ बेरुजु रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।
गणेशमान चरनाथ नगरपालिकाको गतवर्षमा ३३ करोड ५७ लाख ८० हजार रुपैयाँ बेरुजु रहेकामा यसवर्ष समायोजन र सम्परीक्षणबाट फरछ्यौट गर्दा अद्यावधिकपछि ५२ करोड ५३ लाख १७ हजार रुपैयाँ बेरुजु छ ।
धनुषाधाम नगरपालिकामा विगतको १८ करोड २९ लाख ४७ हजार रुपैयाँ बेरुजु रहेकामा महालेखाको प्रतिवेदनले २०७८–७९मा मात्रै २२ करोड ८६ लाख ९२ हजार रुपैयाँ बेरुजु देखाएको छ ।
नगराइन नगरपालिकामा गतवर्षसम्म २१ करोड ९ लाख ५५ हजार रुपैयाँ बेरुजु रहेकामा आर्थिक वर्ष २०७८–७९ मा समायोजन र सम्परीक्षणबाट फछ्र्यौट गर्दा अद्यावधिक बेरुजु ३० करोड ३८ लाख ८० हजार रुपैयाँ रहेको छ ।
मिथिला नगरपालिकामा गतवर्षसम्म ३० करोड ५९ लाख २२ हजार रुपैयाँ बेरुजु रहेकामा आर्थिक वर्ष २०७८–७९ सम्ममा अद्यावधिक बेरुजु ४२ करोड २९ लाख ५५ हजार रुपैयाँ छ ।
मिथिला बिहारी नगरपालिकामा गतवर्षसम्मको लेखा परीक्षणबाट ३१ करोड २१ लाख ८८ हजार रुपैयाँ बेरुजु छ । हालसम्मको अद्यावधिक बेरुजु ३३ करोड २६ लाख २६ हजार रुपैयाँ पुगेको महालेखाले जनाएको छ ।
मुखियापट्टी मुसहरनिया नगरपालिकामा गतवर्षसम्म बेरुजु १९ करोड १० लाख ६६ हजार रुपैयाँ लेखापरीक्षणमा देखिएको छ । प्रत्येक वर्ष बेरुजु अद्यावधिक हुँदै २४ करोड ५९ लाख ८६ हजार रुपैयाँ पुगेको महालेखा प्रतिवेदनमा उल्लेख छ ।
विदेह नगरपालिकामा गतवर्षसम्म लेखा परीक्षणबाट ३७ करोड ४४ लाख ५६ हजार रुपैयाँ बेरुजु देखिएको छ । अद्यावधिकमा ४६ करोड १४ लाख ५९ हजार रुपैयाँ बेरुजु छ ।
सहिदनगर नगरपालिकामा गतवर्षको लेखापरीक्षणमा ४२ करोड २ लाख ३८ हजार रुपैयाँ बेरुजु देखिएकामा समायोजन र सम्परीक्षणबाट १ करोड १० लाख ६३ फछ्र्यौट भएको देखिन्छ भने ५९ करोड ७२ लाख ६८ हजार रुपैयाँ बेरुजु छ ।
हंसपुर नगरपालिकामा ६४ करोड ३५ लाख १६ हजार रुपैयाँ बेरुजु देखिएकामा अद्यावधिक बेरुजु ७२ करोड ८३ लाख ४९ हजार रुपैयाँ पुगेको छ ।
औरही गाउँपालिकामा गतवर्षसम्मको लेखा परीक्षणले १२ करोड ४६ लाख २१ हजार रुपैयाँ बेरुजु देखिएको छ भने अद्यावधिक बेरुजु २० करोड ९ लाख ११ हजार रुपैयाँ पुगेको छ ।
जनकनन्दिनी गाउँपालिकामा गतवर्षसम्म १४ करोड ८७ लाख ८ हजार रुपैयाँ बेरुजु बाँकी रहेकामा हालसम्मको अद्यावधिकमा १७ करोड ९४ लाख १२ हजार रुपैयाँ बेरुजु रहेको महालेखा प्रतिवदेनमा उल्लेख छ ।
बटेश्वर गाउँपालिकामा २६ करोड ३० लाख ४१ हजार रुपैयाँ गतवर्षसम्मको बेरुजु देखिएको महालेखा प्रतिवेदनमा उल्लेख छ । अद्यावधिक बेरुजु ३३ करोड ४० लाख ८६ हजार रुपैयाँ पुगेको छ ।
लक्ष्मीनियाँ गाउँपालिकामा गतवर्षसम्मको लेखापरीक्षणमा १९ करोड ३५ लाख ८ हजार रुपैयाँ बेरुजु देखिएको छ । अद्यावधि बेरुजुमा २६ करोड ४९ लाख १० हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।
फछर्यौट गर्न बाँकी सम्पूर्ण रकम असुल फछर्यौट गर्न महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको छ ।

| स्थानीय तह | अद्यावधिक बेरुजु |
|---|---|
| १. सबैला नगरपालिका | ९४ करोड ५१ लाख ४१ हजार रुपैयाँ |
| २. हंसपुर नगरपालिका | ७२ करोड ८३ लाख ४९ हजार रुपैयाँ |
| ३. जनकपुरधाम उपमहानगरपालिका | ७१ करोड ४७ लाख ३७ हजार रुपैयाँ |
| ४. क्षीरेश्वरनाथ नगरपालिका | १८ करोड ५० लाख ८० हजार रुपैयाँ |
| ५. गणेशमान चरनाथ नगरपलिका | ५२ करोड ५३ लाख १७ हजार रुपैयाँ |
| ६. धनुषाधाम नगरपालिका | २२ करोड ८६ लाख ९२ हजार रुपैयाँ |
| ७. नगराइन नगरपालिका | ३० करोड ३८ लाख ८० हजार रुपैयाँ |
| ८. मिथिला नगरपालिकामा | ४२ करोड २९ लाख ५५ हजार रुपैयाँ |
| ९. मिथिला बिहारी नगरपालिका | ३३ करोड २६ लाख २६ हजार रुपैयाँ |
| १०. मुखियापट्टी मुसहरनिया नगरपालिका | २४ करोड ५९ लाख ८६ हजार रुपैयाँ |
| ११. विदेह नगरपालिका | ४६ करोड १४ लाख ५९ हजार रुपैयाँ |
| १२. सहिदनगर नगरपालिका | ५९ करोड ७२ लाख ६८ हजार रुपैयाँ |
| १३. औरही गाउँपालिका | २० करोड ९ लाख ११ हजार रुपैयाँ |
| १४. जनकनन्दिनी गाउँपालिका | १७ करोड ९४ लाख १२ हजार रुपैयाँ |
| १५. बटेश्वर गाउँपालिका | ३३ करोड ४० लाख ८६ हजार रुपैयाँ |
| १६. लक्ष्मीनियाँ गाउँपालिका | २६ करोड ४९ लाख १० हजार रुपैयाँ |

स्रोतः महालेखा

## गाउँ–नगर सभा नहुँदा ३८ करोड कटौती

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीका स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन अन्तर्गत प्रत्येक वर्षको असार १० गतेभित्र आगामी वर्षका लागि नगर–गाउँ सभा गरिसक्नु पर्ने प्रावधान पालना नगर्दा ३८ करोड २२ लाख ९१ हजार ७ सय २३ रुपैयाँ बजेट कटौती भएको छ ।
राजविराज नगरपालिकाको तीन करोड ८ लाख २९ हजार ९ सय ५० रुपैयाँ कटौती भएको छ भने बोदेबर्साइन नगरपालिकाको पाँच करोड ४६ लाख ४६ हजार ६ सय २ रुपैयाँ कटौती भएको छ ।
खडक नगरपालिकाको २७ लाख ६ हजार ३ सय १० रुपैयाँ कटौती भएको छ । शम्भुनाथ नगरपालिकाको एक करोड १८ लाख २३ हजार ६ सय २६ रुपैयाँ कटौती भएको छ भने कञ्चनरूप नगरपालिकाको ४ करोड ५८ लाख ७८ हजार ६ सय २९ रुपैयाँ कटौती भएको छ ।
यसैगरी, सप्तकोसी नगरपालिकाको ९२ लाख दुई हजार ९ सय ५७ रुपैयाँ कटौती भएको छ । यता हनुमाननगर कंकालिनी नगरपालिकाको ९४ लाख ३ हजार २ सय ९५ रुपैयाँ कटौती गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरीका प्रमुख कोष नियन्त्रक शरणहरि लुइँटेलले जानकारी दिए ।
यसैगरी, तिलाठी कोइलाडी गाउँपालिकाको ३ करोड ३६ लाख ९४ हजार रुपैयाँ कटौती भएको छ भने अग्नीसाईर कृष्णसवरण गाउँपालिकाको २ करोड १५ लाख ४९ हजार ९ सय ६१ रुपैयाँ कटौती भएको छ ।
यता, तिरहुत गाउँपालिकाको २ करोड २६ लाख ४५ हजार २ सय ९२ रुपैयाँ कटौती भएको छ भने बलानबिहुल गाउँपालिकाको १ करोड २१ लाख ७२ हजार ९ सय ७३ रुपैयाँ कटौती भएको छ ।
राजगढ गाउँपालिकाको ८८ लाख ३५ हजार २ सय ९३ रुपैयाँ कटौती भएको उल्लेख छ भने महादेवा गाउँपालिकाको ५६ लाख ६१ हजार ६ सय ४२ रुपैयाँ कटौती भएको कोलेनिकाको तथ्याङ्कमा उल्लेख छ ।

## सवारीसाधन जाँचपास वृद्धिले राजस्वमा राहत




**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकको आर्थिक गतिविधि चलायमान बन्दै गएपछि वीरगंज भन्सार नाकाबाट सवारी साधनको आयात बढ्नुका साथै सवारी साधनको जाँचपास हुने क्रमसमेत बढेको छ ।
चालु आर्थिक वर्षको ४ महिनामा वीरगंज नाकाबाट १ हजार २७ थान जीप, कार, भ्यान, बस र ट्रकका चेसिस एवम् टिपरलगायतका सवारी साधन जाँचपास भएका छन् भने ८ हजार ८ सय ६९ थान मोटरसाइकल वीरगंज नाका हुदै जाँचपास भई मुलुकका विभिन्न स्थानमा पुगेका छन् । यसबाट ३ अर्ब ६४ करोड ९९ लाख ४१ लाख रुपैयाँ राजस्व असुली भएको छ । वीरगंज भन्सार कार्यालय आइसिपीको तथ्यांकअनुसार चालु आर्थिक वर्ष ४ महिनामा वीरगंज हुँदै भित्रिएका ६ सय ९९ जिप, कार, भ्यान भन्सार जाँचपास भएका छन् । यसबाट २ अर्ब ४२ करोड ७५ लाख रुपैयाँ राजस्व प्राप्त भएको छ । त्यसैगरी, वीरगंज नाकाबाट चालु आर्थिक वर्षको ४ महिनामा ८ हजार ८ सय ६९ मोटरसाइकल भन्सार जाँच पास भई गएका छन् । यसबाट ८० करोड १९ लाख ८० हजार रुपैयाँ राजस्व प्राप्त भएको छ ।
त्यसैगरी, यसअवधिमा ३ सय २८ वटा बस, ट्रकका चेसिस जाँचपास भएका छन् । यसबाट ४२ करोड ४ लाख ५६ हजार रुपैयाँ राजस्व प्राप्त भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।
विगत केही समय यता आर्थिक तरलता तथा वाणिज्य बैंकले अटो लोन दिन गरेको कडाइका कारण सवारी साधन आयातमा गिरावट आउँदा राजस्व असुली प्रभावित भएको थियो । वीरगंज तथा सिर्सिया सुक्खा बन्दरगाह भन्सारको नियमन गर्दै आएको इन्टरमोडल यातायात विकास समिति वीरगंज कार्यालयको तथ्यांक अनुसार, चालु आर्थिक वर्षको हालसम्म १ हजार २७ थान नयाँ जीप, कार, भ्यान, ट्रयाक्टर तथा बस र ट्रकका चेसिस एवम् टिपरलगायतका सवारीसाधन जाँचपास भएका छन् । हाल वीरगंजस्थित एकीकृत सुरक्षा जाँच चौकी परिसरमा जाँचपास नगरी पार्किङ गरिएका नयाँ सवारी साधनसमेत १ हजार ५ सय २५ भन्दा बढीको संख्यामा रहेको इन्टरमोडल यातायात विकास समिति वीरगंज कार्यालयको प्रमुख कमल ज्ञवालीले बताए ।
वीरगंज भन्सारले संकलन गर्ने राजस्वमा नयाँ सवारी साधनको योगदान सबैभन्दा बढी रहने गरेको छ । गतवर्षदेखि नयाँ सवारीसाधनको आयात तुलनात्मक रुपमा घटेसँगै भन्सारको राजस्व असुलीमा प्रभाव परेको छ ।
वीरगंज भन्सार कार्यालय आइसिपीका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले वीरगंज भन्सारको राजस्वको मुख्य श्रोत नै नयाँ सवारीसाधन र इन्धन भएको बताउदै नयाँ सवारीसाधनको आयात तथा जाँचपास र इन्धनको आयात पुरानै अवस्थामा फर्किए त्यसको सकरात्मक प्रभाव राजस्व असुलीमा पर्ने दाबी गरे ।

## दुई देशको सिमामा सुरक्षा र अपराध नियन्त्रणमा ऐक्यवद्धता



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
नेपाल–भारत सीमा जिल्लास्तरीय समन्वय समिति बैठक शनिबार जनकपुरधाममा भएको छ । भारत, मधुबनीका डिएम अरविन्दकुमार वर्मा र नेपालबाट धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले सहजिकरण गरेको बैठकमा दुई देशबीच पुस १ गते हुने विवाहपञ्चमीका अवसरमा सुरक्षाकर्मीले सिमामा गर्नु पर्ने निगरानी र अपनाउनु पर्ने सतर्कताबारे छलफल भएको थियो ।
बैठकमा दुई देशका अधिकारीबीच अपराध नियन्त्रणका लागि पहल र समन्वय गरिने विषयमा मसिनोसँग छलफल भएको थियो । नेपाल र भारतका डाँका समूह दुवै सीमावर्ती भूगोलमा सक्रिय भएको र उनीहरूले दुवै देशमा डकैती गरिरहेकाले न्यूनिकरणका विषयमा छलफल भएको थियो । डाँका पक्राउ गर्न दुवै देशका सुरक्षाकर्मीबीच सूचना आदानप्रदान हुने र सहयोग गर्ने विषयमा छलफल भएको थियो । यस्तै, नो म्यान्स ल्यान्ड अतिक्रमण रोक्न र पिलर मर्मतबारे पनि छलफल भएको थियो । बिहारमा मदिरा निषेधसँगै खुला सिमाका कारण नेपालबाट मदिरा तस्करी भइरहेको विषयमा पनि बैठकमा छलफल भएको थियो । नक्कली नोटको कारोबार, मानव बेचबिखन र लागुऔषध तस्करीले मधेशका जिल्ला आक्रान्त बनेकाले नियन्त्रणको उपायबारे छलफल भएको थियो । नेपाली युवाले सिमावर्ती बजारमा लागुऔषध सेवन गर्ने क्रम बढेको र यो नेपालका लागि निकटमै विकराल समस्या बन्ने देखिएकोबारे छलफल भएको थियो ।
बैठकमा महोत्तरीका सिडिओ शिवलाल गुलाल, सिरहाका सिडिओ राजेन्द्रदेव पाण्डे, सप्तरीका सिडिओ किरण थापाको सहभागिता थियो । त्यस्तै धनुषा, महोत्तरी, सिरहा, सप्तरीका एसपी मित्रबन्धु शर्मा, प्रकाश मल, टेकु नन्द लिम्वू र गुज्जु सिद्धि बज्राचार्य सहभागी थिए । भारतबाट मधुबनीका एसपी सुशील कुमार, भारतीय महावाणिज्य दूतावास वीरगंजका वाणिज्यदूत शशि भूषण कुमार, डिएसपी फूलपरास, जयनगर, बेनीपट्टी, एसपीएसबीका कमाण्डेन्ट, सशस्त्र प्रहरीका एसपीहरु, राष्ट्रिय अनुसन्धान अधिकारी र भन्सारका अधिकारीको उपस्थिति थियो ।
नेपाल–भारतका सुरक्षा अधिकारीबीच हरेक चार महिनामा संयुक्त बैठक हुने गरेको छ भने सीमासँग जोडिएका जिल्लाका सुरक्षा निकायका प्रतिनिधिबीच हरेक महिनामा बैठक हुने गरेको छ ।

## गणतन्त्र हटाउने 'सपना' जस्तैः निधि



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वउपप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले जनताको ठूलो बलिदान तथा सङ्घर्षले प्राप्त गणतन्त्र कसैले समाप्त पार्न नसक्ने बताएका छन् ।
पूर्वउपप्रधानमन्त्री निधिले जनकपुरधाम–२३ लादोबेलामा गैरअवासीय नेपाली सङ्घको आयोजनामा सञ्चालनमा आएको बेलायती कम्पनी बेलेकोको शाखा उद्घाटन गर्दै प्रदेशलाई बलियो बनाउन प्रहरी तथा निजामती कर्मचारी समायोजन छिटो गरिनु पर्ने बताए ।
उनले मुलुकमा आर्थिक मन्दी भएका बेला बेलायत तथा कतारमा प्रतिष्ठा आर्जन गरेको बेलेको कम्पनीको शाखा खुलेकामा खुसी व्यक्त गर्दै यस क्षेत्रको आर्थिक गतिविधि बढ्नुका साथै रोजगारीको अवसर मिल्ने विश्वास व्यक्त गरे ।
कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले कम्पनीको शाखा सञ्चालनमा आएसँगै यस क्षेत्रका बेरोजगार युवाले स्वदेशमै रोजगारी प्राप्त गर्ने आसा व्यक्त गरे ।
कार्यक्रममा लोसपाका नेता परमेश्वर साहले जनकपुरधाममा व्यापारी पलायन भइरहेका समयमा प्रसिद्ध कम्पनीको शाखा खुल्नु खुशीको विषय भएको बताए ।
गैरआवासीय नेपाली संघका युरोप शाखा अध्यक्ष चिन्तामणि शर्माले नेपालमा गैरआवासीय नेपालीलाई राजनीतिक अधिकार बाहेकका नागरिकता प्रदान गर्न थालेपछि लगानीका लागि उत्साहित भएको बताए । कम्पनीका सञ्चालक मोहमद इसराइलको अध्यक्षतामा भएको कार्यक्रममा कम्पनीका सिइओ अब्दुल बसिर, ब्रान्ड एम्बेस्डर अभिनेता प्रदीप खड्काले कम्पनीले उत्पादन गरेका ४३ प्रकारका घरेलु उपभोगका सामानको बिक्रीवितरणका साथै निकट भविष्यमै उत्पादनको काम गरिने जानकारी दिए ।
कार्यक्रममा ज्येष्ठ नागरिक तथा स्थानीयलाई सम्मान गरिएको थियो ।

# सेवा प्रवाहविहीन इलाका प्रशासन

*गृह मन्त्रालयले कार्यालय प्रमुखको व्यवस्था नगर्दा इलाका प्रशासन कार्यालय रौतहटको सेवा प्रभावित भएको छ । कार्यालय प्रमुख नहुँदा एक घण्टामै हुने कामका लागि सेवाग्राहीले तीन दिनसम्म कुर्नु पर्ने बाध्यता छ ।*




**मधेशदृष्टि**
**रौतहट ।**
इलाका प्रशासनको कामकाजका लागि मन्त्रालयले नायब सुब्बा राम स्वार्थ यादवलाई अधिकृतको जिम्मेवारी दिएको समयावधी सकिएपछि नयाँ व्यवस्था नहुँदा कार्यालय प्रमुखविहीन बनेको हो । मन्त्रालयले यादवलाई दिएको जिम्मेवारी कार्तिक १५ गते सकिएको हो । विगत चार वर्षदेखि कार्यरत यादवलाई यसअघि चार पटकसम्म कामको जिम्मेवारी दिइएको थियो । एक महिनासम्म मन्त्रालयले कार्यालय प्रमुखको व्यवस्था नगर्दा नागरिकता वितरण, मधेशी, दलित, जनजाति प्रमाणीकरण तथा सिफारिस गर्ने लगायतका सेवा प्रभावित छन् ।

इलाका प्रशासनबाट दिने सेवा रोकिएपछि जिल्लाका गरूडा नगरपालिकालगायतका सेवाग्राही मर्कामा परेका छन् । सेवाग्राहीले रौतहटमा रहेको जिल्ला प्रशासन कार्यालय जानुपर्ने बाध्यता छ ।

योसँगै इलाका प्रशासन कार्यालयका कर्मचारीको दुई महिनाको तलबसमेत रोकिएको छ । रौतहट प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्राले इलाका प्रशासन कार्यालयको कायममुकायम अधिकृतको जिम्मेवारीको म्याद सकिएको विषयमा गृह मन्त्रालयलाई जानकारी गराइएको बताए । 'हामीले जानकारी गराइ सकेका छौँ,' उनले भने, 'तलब खुवाउने अधिकार दिनका लागि पनि पत्राचार भएको छ । तर, आदेश आएको छैन ।'

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार नियमित व्यक्तिलाई वा फरकफरक व्यक्तिलाई लगातार कायममुकायम दिन नमिल्ने व्यवस्था भएकाले अर्को व्यक्तिलाई निरन्तरता दिन कानुनी अड्चन देखिएको हो । उनले भने, 'नयाँ कर्मचारी खटाउने तयारी भइरहेको छ ।'

२०७३ सालमा स्थापना भएको इलाका प्रशासन कार्यालय स्थापनाकालदेखि नै निमित्तका भरमा चल्दै आएको छ । अधिकृतस्तरको दरबन्दी भए पनि मन्त्रालयले हालसम्म अधिकृत पठाउन सकेको छैन । त्यसो त जिल्ला प्रशासन कार्यालय रौतहटमा पनि कर्मचारी अभाव छ । सहायक प्रमुख जिल्ला अधिकारी नहुँदा सेवाप्रवाहमा समस्या भएको हो । दरबन्दीको कर्मचारी नखटाउँदा र भएको कर्मचारी पनि काजमा अन्यत्र गइदिँदा प्रमुख जिल्ला अधिकारीमाथि कामको चाप बढेको छ ।

# अराजकता फैलाउनेलाई छुट दिइन्नः उपप्रधानमन्त्री



**रासस**
**चितवन ।**

उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले कानुनलाई हातमा लिने र अराजकता फैलाउनेलाई छुट दिन नसकिने बताएका छन् ।

भरतपुर विमानस्थलमा शनिबार पत्रकारहरूसँग कुराकानी गर्दै गृहमन्त्री श्रेष्ठले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समाजवाद उन्मुख समावेशी लोकतन्त्रलाई कार्यान्वयन गर्न अवरोध गर्ने स्थिति आउन नदिने बताए । संविधानले संस्थागत गरेको लोकतान्त्रिक प्रणालीले नागरिकलाई दिएको अधिकार सुनिश्चित गर्नुपर्नेमा गृहमन्त्री श्रेष्ठको जोड थियो । उनले भने, 'अहिले जुन प्रकारको गतिविधि गर्न खोजिएको छ, त्यसलाई व्यवस्थामाथि नै ठूलो चुनौतीका रूपमा लिएका छैनौँ ।'

संविधान र लोकतान्त्रिक पद्धतिलाई रक्षा गर्नका लागि अझै गम्भीरतापूर्वक सरकार लागिपर्ने उनको भनाइ छ । मन्त्री श्रेष्ठले भने, 'सामाजिक सञ्जाललाई बन्द गर्ने कुरा हामीले गरेका छैनौँ । एउटा टिकटकमाथि यस प्रकारको निर्णय गरिएको हो ।' अन्य सामाजिक सञ्जाल बन्द गर्न लागेको हो भन्ने प्रश्नमा उनले थपे, 'अरू सामाजिक सञ्जालका बारेमा चर्चा परिचर्चा भइरहेको छ । त्यो कुरा सत्य होइन । हामी नियमन गर्छौँ ।' सामाजिक सञ्जालले लोकतन्त्र, सामाजिक एकता, व्यक्तिको एउटा स्वतन्त्र बाँच्न पाउने अधिकार, सभ्यता, संस्कृतिलाई रक्षा गर्न योगदान पु¥याउनुपर्ने गृहमन्त्री श्रेष्ठले बताए । उनले भने, 'हामी स्वतन्त्रलाई कुण्ठित गर्दैनौँ । हामी यसलाई नियमन गर्ने दिशातर्फ मात्रै गइरहेका छौँ ।' सङ्घीयताको रक्षा गर्ने, त्यसलाई अझ परिमार्जन गर्ने र कार्यान्वयनको प्रक्रियामा जाने मन्त्री श्रेष्ठको भनाइ छ । उनले भने, 'एकाद त्यस्ता आवाज आउँछन् भने हामीले त्यसलाई अन्यथा ठान्नु हुँदैन । त्यस्तो आवाज राख्न पाउने अधिकारको पनि हामी रक्षा गर्छौँ ।' सरकार संविधानको रक्षा र लोकतन्त्रले दिएको अधिकारको अभ्यासलाई सुनिश्चित गर्न उदारतापूर्वक सोचिरहेको मन्त्री श्रेष्ठको भनाइ छ । उनले भने, 'त्यसलाई कसैले पनि कम्जोरी ठानेर सामाजिक सद्भाव खल्बलाउने, जाति, धार्मिक एकता र सद्भाव सहिष्णुतालाई खल्बलाउने र राष्ट्रिय एकतामा असर पार्ने काम र समाजमा अशान्ति, अस्थिरता र अराजकता उत्पन्न गर्ने र कानुन हातमा लिने काम कसैले गर्छ भने हामी छुट दिने पक्षमा छैनौँ ।'

# मनमोहक मौलापुर पार्क




**मधेशदृष्टि**
**रौतहट ।**
मौलापुर पिकनिक पार्क सबैको आकर्षकको केन्द्र बन्दै गएको छ । २०७७ फागुनमा पार्क सञ्चालनमा आएपछि स्थानीयमा लोकप्रिय बनेको हो ।
पूर्वमन्त्री प्रभु साहको पहलमा सहरी विकास मन्त्रालयबाट पिकनिक पार्क निर्माण भएको हो । यसैगरी, मौलापुर नगरपालिका कार्यालयको आर्थिक सहयोगमा पार्कमा अन्य आवश्यक कार्य भएको प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए ।
हाल पार्क विवाह, व्रतबन्ध, पिकनिक, सभा, समारोह र घुमफिर गर्ने थलो बनेको छ । पार्कमा दैनिक दुई सय बढी मानिसले अवलोकन गर्ने गरेका छन् भने पार्कमा पाँचजनाले रोजगार पाएका छन् । गौर, गरुडा, चन्द्रपुर, समनपुर, भारतको बैरगनिया, घोडासहन, चैनपुरलगायतबाट सर्वसाधारण पार्क हेर्न आउने र पार्कमा रमाएर जाने गरेको मौलापुर पिकनिक पार्क व्यवस्थापनले जनाएको छ ।
सुरुआती केही दिनसम्म सुनसान पार्कमा अहिले बिहानदेखि बेलुकासम्म आगन्तुकको चहलपहल देख्न सकिन्छ । शनिबार र अन्य चाडपर्वमा पार्कमा आउनेको संख्या बढ्ने र पिकनिक गर्नेको घुइँचो लाग्ने गरेको छ ।

# आइडी ह्याक गरेर टिकट चोरी

**काठमाडौँ ।**

जियोल्याण्ड ट्राभल्स एण्ड टुर प्रालिको युजर आइडी ह्याक गरेर दुई वटा एयरलाइन्सको टिकट चोरी गरेको घटनामा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले थप एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मस्याङ्दी ट्राभल्सका सञ्चालक तथा पर्वत घर भएका ४७ वर्षीय हरिप्रसाद सुवेदी रहेका सिआइबीका सहायक प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रुगम कुँवरले जानकारी दिए । उनले भने, 'जियोल्याण्ड ट्राभल्सको युजर आइडी ह्याक गरेर दुई वटा एयरलाइन्सको टिकट चोरी गरेको घटनामा सुवेदीलाई पक्राउ गरिएको छ । उनीविरुद्ध ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ लिन नहुने कसुरमा म्याद लिएर अनुसन्धान भइरहेको छ ।' यसअघि यही मङ्सिर ६ गते ब्युरोको टोलीले सामाखुसीस्थित मस्याङ्दी ट्राभल्सका म्यानेजर नारायण सुवेदीलाई पक्राउ गरेको थियो ।
आरोपीहरुले बालुवाटारस्थित जियोल्याण्डको युजर आइडी ह्याक गरेर जजिरा र एयर अरेबियाको टिकट चोरी गरेको आरोप छ ।
ह्याकरहरुले पटकपटक गरेर एक करोड ९९ लाख ८२ हजार रकम बराबरको टिकट चोरी गरेको ब्युरोको अनुसन्धानबाट खुलेको प्रवक्ता कुँवरले बताए । उनले भने, 'अहिलेसम्म कम्तीमा पनि तीन सय ३७ नेपाली र विदेशी नागरिकका नाममा अवैध तरिकाले टिकट चोरी गरेको भेटिएको छ ।'

# २ करोडको साढे ९ फिट अग्लो बुद्धमूर्ति



**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–१ स्थित ऐतिहासिक गोल्मा राजाको दरबार क्षेत्र परिसरभित्र साढे ९ फिट अग्लो भगवान बुद्धको मूर्ति स्थापना गरिएको छ ।
झण्डै ३ सय ५० वर्षअघि सेनवंशीय राजा गोल्माको दरबार रहेको भनिएको चन्द्रपुर–१ स्थित थाई नेपाल मेरिट ब्रिजग्रुपबाट सहयोग प्राप्त बैरी विनाश बुद्धको मूर्ति स्थापना गरिएको हो ।
गोल्मा राजा रानीको दरबार क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गरिने उद्देश्यअनुरूप बुद्धको मूर्ति स्थापना गरिएको हो । दरबार क्षेत्रमा रहेको टुँडिखेलमा स्थापना गरिएको बुद्धको मूर्तिको मूल्य झण्डै दुई करोड रुपैयाँ पर्ने तथा साढे ९ फिट अग्लो रहेको भिक्षु मेधंकर स्थबिरले बताए । यो क्षेत्रलाई गोल्मा राजा बौद्ध बिहारको नाम दिइनुका साथै ध्यानकेन्द्रका रुपमा विकास गरिने समेत उनले जानकारी दिए ।
झण्डै ६ सय मिटर उचाइ र चारैतिर वनजङ्गलले घेरिएको खुला चौर टुँडिखेलको संरक्षण गरिने पनि बताइएको छ ।

# जयसवालको साइकलबाट धार्मिकयात्रा




कटहरिया–८ पिप्रापोखरिया घर भई पछिल्लो समय गरुडा बस्दै आएका ५० वर्षीय वैद्यनाथ प्रसाद जयसवाल साइकलबाट भारत, जम्मूकश्मिरस्थित वैष्णोदेवी यात्राको संकल्पसहित धार्मिक यात्रामा निस्किएका छन् ।
जयसवाललाई मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले धार्मिक यात्राका सफलताको शुभकामना दिँदै टीका तथा फूलमाला लगाई गेरु बस्त्रसँगै नगद ११ हजार ५१ रुपैयाँ सहित बिदा गरिन् । जयसवाको साइकल यात्रा ३ हजार ५ किलोमिटर हुनेछ । साइकल यात्री जयसवाललाई गरुडास्थित सुनचाँदी व्यवसायी संघका प्रदेश अध्यक्ष रामजी साह, कांग्रेस नेता रामाभरोसी यादव, समाजवादी नेता ब्रिजकिशोर यादवलगायतकाले सम्मान सहित बिदाइ गरे । साइकलबाट हुने धार्मिक यात्राले मानव मानवबीच देखिएको द्वन्द्व तथा समाप्रदायिक विभेद अन्त्य हुन सहयोग पुग्ने उनले विश्वास लिएका छन् ।

# 'सिकलसेल कुण्डली मिलाएर मात्र विवाह गर्नूस्'




**रासस**
**दाङ ।**
सिकलसेल एनिमिया वंशानुगत रोग हो । नेपालमा विशेषगरी थारू समुदायमा यो रोग देखिएको छ । गोलो आकारको रक्तकोषहरु हँसिया आकारको हुँदा हात, खुट्टाको हड्डी, मेरुदण्ड तथा करङ धेरै दुख्ने गर्छ । यसै कारणले सिकलसेल पीडितलाई सधैं सताउने गरेको पीडितको भनाइ छ । नियमित उपचार गरिरहे पनि सञ्चो नहुने भएकाले यो रोगको निवारण भनेको विवाह गर्दा 'सिकलसेल कुण्डली' मिलाउनु नै रहेको तुलसीपुर उपमहानगरका उपप्रमुख श्यानी चौधरीले बताइन् । थारू समुदायमा देखिएकाले यो रोग नयाँ पुस्तामा नसार्नका लागि विवाह गर्दा रोगी भएका व्यक्तिले अर्को रोगी भएका व्यक्तिसँग विवाह गर्न नहुने कुरामा सबैलाई सचेतना दिन आवश्यक रहेको उनको भनाइ थियो । 'अहिले पनि सिकलसेल रोगी तथा वाहक (सिकलसेलको आधा देखिएको अवस्था) भएकाले अर्को रोगी तथा वाहक भएकासँग बिहे गर्दा सन्तानलाई पनि सताउने गरेको छ', चौधरीले भनिन्, 'त्यसैले गाउँ–गाउँ र टोलटोलमा गएर यो विषयमा सचेतना दिनुपर्छ ।' यो रोगले थारू समुदायलाई निकै सताएको भन्दै अब पनि यो विषयमा सचेतना प्रदान गर्न नसकिएमा यसले थारू समुदायको अस्तित्व नै खतरा पार्न सक्ने भएकाले सबै तहका सरकारले चेतनामूलक कार्यक्रमलाई व्यापक बनाएर लैजानुपर्नेमा उनले जोड दिइन् । 'रोगी पुरुषले रोगी महिलासँग विवाह गरेमा यो रोग सन्तानमा पनि सर्छ । त्यस्तै वाहक पुरुषले बिरामी महिला तथा बिरामी पुरुषले वाहक महिलासँग बिहे गर्दा पनि सन्तानमा यो रोग सर्ने गर्दछ', उपमहानगरका स्वास्थ्य महाशाखा प्रमुख ओमपी न्यौपानेले भताइन् । यो कुरा सबैमा जानकारी नहुँदा अहिले पनि बिरामी–बिरामीबीच विवाह भइरहेकाले समस्या थप जोखिम बन्दै गएको उनको भनाइ थियो । न्यौपानेका अनुसार बिरामी पुरुष वा महिलाले सामान्यसँग बिहे गरेमा बच्चामा यो रोग सर्दैन । साथै आमा वा बुबा वाहक भएमा पनि सामान्यसँग बिहे गर्दा बच्चामा रोग नसर्ने उनले बताइन् । यो विषयमा थारू समुदायको गाउँ–गाउँमा गएर जनचेतना दिन आवश्यक रहेको उनको भनाइ थियो ।
दाङका थारू समुदायमा सिकलसेल भयावह अवस्थामा रहेको र उपमहानगरका स्वास्थ्य महाशाखाका फोकल पर्सन विमल केसीले बताउनुभयो । सिकलसेल पीडितलाई राज्यले एक लाखसम्मको उपचारको व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो । गाउँ–गाउँमा रोग पत्ता लगाउनका लागि स्क्रिनिङ गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । हाल तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालमा सिकलसेलको स्क्रिनिङ भइरहेको केसीले जानकारी दिए । उनका अनुसार दाङमा गएको वर्षमा दुई हजार आठ सय दुई जनामा गरिएको स्क्रिनिङमा ३७ जनामा सिकलसेल भेटिएको थियो भने तीन सय २८ जनामा वाहक देखिएको थियो ।

# संघले प्रदेश र स्थानीय तहमा हात हाल्योः देवकोटा

> “
> ‘जनप्रतिनिधिले पनि निर्वाचित गरेको वा जनप्रतिनिधिको पनि प्रतिनिधि हुने थलो हो, राष्ट्रियसभा । प्रदेशका सांसद र पालिकाका प्रमुख उपप्रमुखले मतदान गरेर निर्वाचित गरिसकेपछि राष्ट्रियसभामा त उनीहरुको आवाज बोलिनुपर्ने हो’



**काठमाडौँ ।**
राष्ट्रियसभाका सांसद डा खिमलाल देवकोटाले व्यवस्थापिकामाथि कार्यपालिका हावी हुँदा सङ्घीय संसद्ले अपेक्षित नतिजा दिन नसकेको धारणा राखेका छन् । राज्यका अङ्गबीचको नियन्त्रण र सन्तुलन गुम्दा सरकार संसद्प्रति जिम्मेवार तथा जवाफदेही हुन नसकेको उनको विश्लेषण छ । ‘सरकार नै संसद्माथि हावी छ । सरकार हावी भएका कारण संसद् बलियो हुन नसकेको हो । यसलाई कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको शक्ति सन्तुलन हुन नसकेको भनेर बुझ्न सकिन्छ’, सांसदसँग रासस संवादका क्रममा उनले भने, ‘संसद्ले सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन सकिएको छैन । सरकारका गतिविधिको अनुगमन गर्ने अधिकार संसद्लाई छ । तर कुनै मन्त्रीलाई संसद्मा उभ्याएर जवाफ दिन लगाउन सकेको देखिँदैन । प्रश्न गरेको देखिँदैन ।’ सङ्घीय कानुन निर्माणको गति सुस्त हुँदा पछिल्लो समय संसद्को विधायिकी भूमिकामाथि प्रश्न उठ्न थालेको छ । एकातिर नागरिकका अपेक्षा र जनजीविकासँग जोडिएका विषयको उठान तथा सम्बोधन संसद्मा नहुने र अर्कोतर्फ कानुन निर्माणमा पनि गति नदेखिने भएपछि नागरिक तहबाटै व्यवस्थाप्रति वितृष्णा बढ्दो रहेको उनको बुझाइ छ । ‘सदन कमजोर छ । विधेयक आएका छैनन् । सांसद केबल हाजिर गरेर तलबभत्ता खाएर बसेका छन् भन्ने जनताको गुनासो छ । नतिजा दिन नसकेपछि जनताले गुनासो गर्नु स्वभाविक हो’, देवकोटाले भने । सरकारलाई लगाम कस्ने संसद्मा सरकार र सत्तापक्ष दलको छायाँ देखिएको उनको बुझाइ छ । सरकार आफैँले विधेयक नल्याउने र सांसदबाट गैर–सरकारी विधेयकसमेत आउन सक्ने अवस्था नरहेको उनको भनाइ छ । ‘हाम्रो संसद् दलसँग मात्रै जोडियो । सांसद जुन दलको सरकार छ, संसद्मा सांसद पनि दलभन्दा दाँया–बाँया नजाने भए । जसकारण, संसद् एकदमै कमजोर भएको छ’, स्वतन्त्र सांसद देवकोटा भन्छन्, ‘संसद्लाई सरकारले विधेयक दिएर क्रियाशील बनाउने हो । तर संसद्ले सरकारलाई दोष दिएर विधेयक आएनन् भन्छन् । सांसद आफैँले पनि गैरसरकारी विधेयक ल्याउन सक्छन् । त्यस्ता विधेयक पनि आएका छैनन् ।’ सङ्घीय निजामती विधेयक, शिक्षा, कृषि, तीन तहको सरकारबीचका एकल र साझा अधिकारसँग सम्बन्धी विधेयक तत्काल बन्न आवश्यक देखिए पनि ती आउन नसकेको देवकोटाको भनाइ छ ।नेपालमा गैरसरकारी विधेयक ल्याउने चलन कम रहेको र त्यसका लागि संसद् सचिवालयले पनि प्राविधिक रुपमा सहयोग गर्न नसकेको उनको बुझाइ छ । आफूले संसद् सचिवालयलाई पछिल्लो एक वर्षदेखि एउटा गैरसरकारी विधेयक (प्राइभेट विल) दर्ता गर्नुपर्यो भनेर भनिरहेको भए पनि सचिवालयले त्यसमा सहजिकरण नगरेको उनी बताउँछन् । बेलायत, अमेरिका, भारत, अष्ट्रेलियालगायत मुलुकको अभ्यास हेर्दा सांसद आफैँले पनि विधेयक दर्ता गर्ने गरेको देखिन्छ ।सामान्यतः राष्ट्रियसभा (माथिल्लो सभा)लाई बौद्धिक व्यक्ति र विद्वत् वर्गको उपस्थिति रहेको थलोका रुपमा लिइन्छ । सरकार निर्माणमा माथिल्लो सदनको खासै भूमिका रहन्न । यसअर्थमा राष्ट्रियसभाको मुख्य भूमिका विधायिकी नै मान्न सकिन्छ । तर राष्ट्रियसभा पनि दलीय राजनीतिको कोपभाजन र सत्तापक्ष–प्रतिपक्षको छायाँबाट मुक्त नभएको उनको भनाइ छ । ‘प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैको फरक भूमिका हुन्छ र काम गर्ने शैली पनि फरक छ । तर हामीकहाँ प्रतिनिधिसभा अवरुद्ध भयो भने राष्ट्रियसभा पनि चल्न दिइँदैन’, उहाँ भन्छन्, ‘त्यस कारण मैले पटक–पटक ‘प्रतिनिधिसभाको रिसले राष्ट्रियसभाको खाँबो उछिट्याउने काम नहोस्’ भनेर बोलेको छु ।’ संविधानले नै राष्ट्रियसभालाई कमजोर बनाएकोपनि सांसद देवकोटाको अनुभव छ । प्रतिनिधिसभाबाट राष्ट्रियसभाबाट पठाइएका विधेयक फिर्ता पठाउन समय तोकिएको तर प्रतिनिधिसभाबाट राष्ट्रियसभामा पठाउनका लागि कुनै समयसीमा नतोकिएको राष्ट्रियसभाको भूमिका कमजोर देखिएको उनी बताउँछन् । ‘संविधानले नै राष्ट्रियसभालाई कमजोर बनाएको छ । प्रतिनिधिसभाबाट राष्ट्रियसभामा आएपछि अर्थ विधेयक १५ दिन र अरु विधेयकको ६० दिनमा फिर्ता गर्ने समयसीमा (डेडलाइन) छ । तर माथिल्लो सदनबाट तल्लो सदनमा पठाइएका विधेयकको कुनै डेडलाइन संविधानमा तोकिएको छैन । विधेयक तर्जुमामा यो समस्या छ’, सांसद देवकोटाले भने । राष्ट्रियसभालाई प्रदेश र स्थानीय तहको पनि सभा (काउन्सिल अफ सब–नेसनल गभर्मेन्ट)का रुपमा परिभाषित गर्छन् सांसद देवकोटा । प्रदेश सांसद र स्थानीय तहका प्रमुख तथा उपप्रमुखले मतदान गरेर

- संसद्मा सरकार र सत्तापक्ष दलको छायाँ देखियो
- दुवै सदनको भूमिकार काम गर्ने शैली फरक हुन्छ
- प्रदेश र स्थानीय तहको पनि सभा हो राष्ट्रियसभा
- संसद्माथि सरकार हावी भयो

निर्वाचित भएका व्यक्ति राष्ट्रियसभामा आउँछन् । तर प्रतिनिधिसभाका सांसद जनताबाट प्रत्यक्ष निर्वाचित भएर आएका हुनाले जनताको घरदैलोमा जानुपर्ने हुन्छ । जनजीविकाका कुरामा बढी केन्द्रित हुनुपर्ने हुन्छ । यस अर्थमा पनि राष्ट्रियसभाका सांसद विशुद्धरुपमा विधायिकी भूमिका निर्वाह गर्नुपर्ने अवस्थामा छन् । जसकारण सरकारलाई जवाफदेही र उत्तरदायी बनाउनका लागि अझ बढी सशक्त भूमिका राष्ट्रियसभाले खेल्नसक्छ । ‘जनप्रतिनिधिले पनि निर्वाचित गरेको वा जनप्रतिनिधिको पनि प्रतिनिधि हुने थलो हो, राष्ट्रियसभा । प्रदेशका सांसद र पालिकाका प्रमुख उपप्रमुखले मतदान गरेर निर्वाचित गरिसकेपछि राष्ट्रियसभामा त उनीहरुको आवाज बोलिनुपर्ने हो’, उनी भन्छन् । सङ्घीय शासन प्रणालीको सबलीकरण र क्रियाशीलताका लागि राजनीतिक दल, तिनका शीर्षस्थ नेता र सरकारले पर्याप्त भूमिका खेल्न नसकेको सांसद देवकोटा बताउँछन् । ‘सदनलाई हाम्रा सांसद, राजनीतिक दल र सरकारले कमजोर बनाएको हो । दलले जे भन्यो सांसदले पनि त्यही मान्छन् । संसद्मा विधेयक आउँदैनन् । संसद्को अवमूल्यन हुन्छ’, उनी भन्छन्, ‘राष्ट्रियसभामा पनि त विधेयक दर्ता हुन सक्छन् । तर, अधिकांश विधेयक प्रतिनिधिसभामा दर्ता हुन्छन् ।’ सांसद देवकोटाको स्पष्ट बुझाइ छ, चाहे स्थानीय तह, प्रदेश वा केन्द्र सरकार होस्, शासन लहडले नभई कानुनले चल्नुपर्छ । तर केन्द्र सरकार र सङ्घीय सांसदको लहडका कारण सङ्घीयताको मर्म विपरीत केन्द्र सरकारले प्रदेश र स्थानीय तहको अधिकार पनि आफैँ प्रयोग गरिरहेको छ । एकात्मक र केन्द्रीकृत शासन व्यवस्थाबाट सङ्घात्मक र विकेन्द्रित शासन व्यवस्थामा विकासको वाहकका रुपमा प्रदेश सरकारलाई परिकल्पना गरिएको थियो । तर सङ्घीय सरकारले प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा हात हाल्ने अवस्था देखिएको उनको भनाइ छ । ‘संविधानले प्रदेशलाई प्रहरीको अधिकार दिएको छ, तर सङ्घीय सरकारले त्यो अधिकार अझै प्रदेशलाई दिएन । सङ्घीय निजामती कानुन अहिलेसम्म आएको छैन । शिक्षाको अधिकार स्थानीय तहलाई छ त्यो पनि दिइएको छैन’, सांसद देवकोटा भन्छन्, ‘प्रदेश र स्थानीय तहको हातमा कर्मचारी छैनन्, प्रहरी प्रशासन छैन । दण्ड जरिवाना गर्नसक्ने अधिकार प्रयोग गर्न पाएका छैनन् । पर्याप्त वित्तीय साधन र स्रोत छैन । यी सबै कमजोरी सङ्घीय सरकारले सिर्जना गरेको हो । किनकी, केन्द्रीकृत सोच र मानसिकता सङ्घीय सरकार र नेतामा हावी भएको छ ।’ सङ्घीयतासहितको संविधानले जनताको घरदैलौमा अधिकार पु¥याएको छ । सेवा प्रवाहसँग जोडिएका संस्था तल्लो तहसम्म पुगेका छन् । तर नागरिकले अपेक्षा गरेअनुसारको सहज सेवा प्रवाह हुन नसकेपछि नागरिकस्तरबाटै सङ्घीयताप्रति वितृष्णा र गुनासो बढेको देखिन्छ । त्यसो हुनुको मुख्य कारण केन्द्र सरकारले प्रदेश र स्थानीय तहमा सरकारको अनुभूति नै गर्न नदिएको सांसद देवकोटा बताउँछन् । ‘जनताको घरदैलोमा सेवा पुगेको छ, त्यो आफ्नो ठाउँमा छ । तर जति हुनुपथ्र्यो र हामीले जति गर्न सक्थ्यौँ, त्यति भएको छैन । राष्ट्रियसभा प्रदेश र स्थानीय तहको पनि सभा भएकाले यसका लागि पनि हामी अझ बढी क्रियाशील हुनुपर्छ’, उनी भन्छन् । प्रदेश र स्थानीय तहमा देखिएका समस्याका गाँठा फुकाउने, कानुन अभावमा प्रदेश सरकारले काम गर्न पाएन भनेर खबरदारी गर्ने भूमिका पनि राष्ट्रियसभाको रहेको उनको बुझाइ छ ।सांसद देवकोटालाई लाग्छ– सङ्घीय शासन प्रणालीको सवलीकरण र क्रियाशीलतामा राष्ट्रियसभा जुनरुपमा लाग्नुपथ्र्यो, त्यो लागेको छैन । ‘बजेट केन्द्रिकृत सोच र मानसिकताको आउँछ । कर्मचारी तल जान चाहँदैनन् । हिजो कै मानसिकता र सोचबाट सरकार चलिरहेको छ’, उनी भन्छन्, ‘त्यो सबै असन्तुष्टि सङ्घीयतामा गएर पोखियो । सङ्घीयताकै कारण समस्या देखिए भनेर भाष्य बनाउन खोजियो । वास्तवमा त्यो साँचो होइन ।’ जनताले सहज सेवा प्रवाह खोजेको हो । हिजोको भन्दा प्रभावकारी सेवा प्रवाह हुन नसकेपछि नागरिक तहमा सङ्घीयताप्रति वितृष्णा देखियो । देशभित्र गुणस्तरीय शिक्षास्वास्थ्य पाइयोस्, रोजगारी पाइयोस्, दिगो खालका विकास निर्माणका काम हुन सकुन् भन्ने नागरिकका आकांक्षा थिए । त्यो अपेक्षाअनुसार नतिजा देखिएन । यसमा मुख्य जिम्मेवार केन्द्र सरकार र सङ्घीय संसद् रहेको उनी स्वीकार छन् । तर अब सङ्घीय शासन प्रणालीमाथि प्रश्न गर्नेभन्दा पनि यही प्रणालीलाई सुदृढ गर्नुको विकल्प छैन । ‘मुलुक सङ्घीयतमा गइसकेपछि पनि केन्द्रिकृत सोच र मानसिकताले काम गर्यो । यसमा हामी पनि जिम्मेवार छौँ । तर अब सङ्घीय शासन प्रणालीमा गइसकेपछि फर्किने भन्नुको पनि तुक हुन्न’, उनी भन्छन्, ‘अझै पनि सुधार गर्न सकिने ठाउँ प्रशस्तै छन् । यही शासन व्यवस्थामा केही कमी कमजोरी छ भने सुधार गरौँ तर प्रयोगशाला नबनाऔँ । मुलुकलाई कति पटक शासन व्यवस्थाको प्रयोगशाला बनाउने ?’ नेपालले पछिल्लो सात दशक अवधिमा पटक–पटक फरक शासन व्यवस्थासहितका संविधान बनाएर पटक–पटक प्रयोगजस्तो मात्रै गरेको उनको बुझाइ छ । हुन पनि नेपालमा राणाशासन अन्त्य हुनु र भारत अङ्ग्रेज शासनबाट मुक्त हुनु लगभग एकै कालखण्डमा भएको हो । भारतले त्यो बेला ल्याएको संविधान अहिले पनि कार्यान्वयन भइरहेको छ । तर नेपालमा पटक–पटक संविधान फेरिएको छ । त्यसो भए सङ्घीयता सबलीकरणका लागि के गर्न सकिन्छ ?भन्ने प्रश्नमा सांसद देवकोटा भन्छन्, ‘मन्त्रालयको सङ्ख्या कम गर्ने कि ? निर्वाचन प्रणालीमा सुधार गर्ने कि ? प्रदेशलाई चुस्त बनाउने कि ? त्यसबारे सोचौँ । संविधानले दिएको अधिकारअनुसारको काम गर्ने वातावरण सिर्जना गरौँ । पर्याप्त वित्तीय स्रोत, साधन र कर्मचारीको व्यवस्था गरौँ । जनताका गुनासो सुनेर उनीहरुका अपेक्षाअनुसार काम गरौँ ।’ द्वन्द्वकालमा करिब २० वर्षस्थानीय तहको चुनाव गर्न सकेका थिएनौँ । तर अहिले चुनाव भएको छ र जनप्रतिनिधि छन् । स्थानीयतहमा ठूलो वित्तीय साधन स्रोत परिचालन भएको छ । महिला, दलित, जनजातिलगायतको उपस्थिति राम्रो छ । अहिले स्थानीय तहमा करिब ४१ प्रतिशत महिला जनप्रतिनिधि छन् । समावेशी समानुपातिक प्रतिनिधित्व निकै राम्रो देखिएको छ ।मुख्यगरी कानुन सङ्घीय सरकारले बनाउने र कार्यान्वयन तल्लो तहले गर्ने अर्थात् कानुन तर्जुमा एवं अनुगमन सङ्घीय सरकार र सेवाप्रवाहको काम स्थानीय तह र प्रदेशले गर्नुपर्ने सांसद देवकोटा बताउँछन् । तर हामीकहाँ भने सबै काम सङ्घीय सरकारले आफैँ गर्ने सोच र मानसिकताबाट चलिरहेको छ । जसकारण जनताले चाहेअनुसारकाको काम पनि हुनसकेको छैन ।के तपाईं राष्ट्रियसभाको एक सांसदका रुपमा आफ्नो कामबाट सन्तुष्ट हुनुहुन्छ ?भन्ने प्रश्नमा उनले भने, ‘मेरो समीक्षा म आफैँले गर्नेभन्दा पनि स्थानीय तह र प्रदेशका जनप्रतिनिधिले समीक्षा गर्लान् । स्थानीय तह र प्रदेशको सबलीकरणका लागि म आफैँले सङ्कल्प प्रस्ताव पेश गरेको छु । तलको अधिकारलाई मिचेर ऐन कानुन आएका छन् भनेर बोलिरहेको छु । राष्ट्रियसभामा प्रदेश र स्थानीय तहको आवाज भएर बोलेको छु भन्ने लाग्छ । यसबाट म सन्तुष्ट नै छु ।’

# शालिग्राम सङ्ग्रहालयमा धार्मिक पर्यटक आकर्षित



**रासस**
**ढोरपाटन ।**
एक दशकअगाडि सम्म बागलुङ नगरपालिका–४ कुँडुले फेदी सुनसान थियो । बागलुङबजार नजिकै रहेर पनि विकासका हिसाबले पछाडि परेको थियो । तर अहिले पूर्वाधार विकासँगै धार्मिक पर्यटकीय गन्तव्यका रुपमा परिचित हुँदै गएको छ ।तीन वर्षयता यहाँ आन्तरिक तथा बाह्य पर्यटकको दैनिक भीडभाड हुने गरेको छ । सुरुङ निर्माण गरी सङ्ग्रह गरेको सवा लाख शालिग्राम र रङ्गवेङ्कटेश्वर मुक्तिनारायण मन्दिरको दर्शनका लागि आन्तरिकसँगै भारतीय पर्यटक आउने गरेका छन् ।मानवनिर्मित मन्दिर तथा शालिग्राम सङ्ग्रहालयले धार्मिक पर्यटकलाई आकर्षित गरेको छ । बागलुङ कालिका मुस्ताङको मुक्तिनाथ आउने हजारौँ पर्यटक अहिले सङ्ग्रहालयमा पुग्न थालेका छन् । धार्मिक महत्त्वका संरचनाको प्रचारप्रसारसँगै यहाँ आउने पर्यटको संख्या हरेक वर्ष बढ्दो छ । सुरुङभित्र कालीगण्डकीको शिर दामोदरकुण्डदेखि त्रिवेणीधामसम्मको आकृति एकै ठाउँमा बनाइएको छ । जसले धेरैलाई आकर्षित गर्ने गर्छ । अझ बढी त शालिग्राम वरपर बनेका मन्दिर र त्यहाँ बनेका अनेक प्रकारका आकृतिले लोभ्याउने गर्छ ।बागलुङ–बेनी सडक खण्डको केही माथिपट्टि रहेको सङ्ग्रहालय बागलुङ बजारदेखि करिब तीन किलोमिटर पश्चिममा पर्छ । पैदल यात्रामार्फत १५ मिनेट र गाडीमा पाँच मिनेटमा पुग्न सकिन्छ । मन्दिर, सङ्ग्रहालयलगायत संरचना निर्माण गर्ला १० करोड बढी लगानी भएको छ । चाडपर्व र बिदाको बेलामा अझ बढी पर्यटक आउने गरेका छन् ।खासगरी दक्षिण भारतका पर्यटक बढी आउने गरेको शालिग्राम सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नाचार्यले बताए । हरेक वर्ष यहाँ आउने पर्यटकको संख्या बढ्दै गएको उनको भनाइ छ । अघिल्लो आर्थिक वर्षमा एक लाखभन्दा बढी पर्यटकले शालिग्रामको अवलोकन गरेका थिए भने चालु आर्थिक वर्षको हालसम्म २५ हजारभन्दा बढी पर्यटक यहाँ आउने ऋषि प्रपन्नचार्य बताउँछन् । धर्मप्रति बढी आस्था राख्ने पर्यटक शालिग्रामको दर्शन गर्न आउने उनको भनाइ छ । तीव्र प्रचारप्रसारको कारण पर्यटक आउने क्रम बढेको प्रपन्नचार्य बताउँछन् । ‘परारभन्दा पोहोर धेरै पर्यटक आउनुभयो, पोहोरभन्दा यस वर्षभन्दा बढी आउने सम्भावना देखिएको छ, साउनदेखि यता २५ हजारभन्दा बढी पर्यटकले यहाँको अवलोकन गर्नुभएको छ, मुक्तिनाथ, कालीगण्डकी र बागलुङ कालिकाको सेरोफेरोमा शालिग्राम सङ्ग्रहालय रहेको हुँदा आगन्तुकलाई पायकपर्ने गरेको छ’, ऋषि प्रपन्नचार्यले भने, ‘अझै बढी पर्यटक भित्र्याउने उद्देश्य राखेका छौँ, यहाँ अझै धेरै संरचना बन्दैछन्, धेरै दाताहरुले सहयोग गरेरै अहिले हामीहरु यो ठाउँमा छौँ, यो साल पोहोरभन्दा दोब्बर बढी पर्यटक ल्याउने सकिने अपेक्षा गरेका छौँ ।’ भारतबाट दर्शनका लागि आएका मुक्तिदेव हरिदासले शालिग्रामको दर्शन गर्दा मनोकाङ्क्षा पूरा हुने हुँदा चार दिन लगाएर यहाँ आएको बताए । मुक्तिनाथ पुग्ने मुख्य सडकमै शालिग्रामको दर्शन गर्न पाउँदा खुशी लागेको उनी बताउँछन् । हरिदासले अहिलेसम्म आफूले एउटा पनि शालिग्राम दर्शन गर्न नपाएको सुनाउँदै एकै पटक सवा लाख देख्दा दङ्ग परेको बताए । सङ्ग्रहालयभित्र बनाइएको आकृति अझ बढी उकृष्ट लागेको उनी बताउँछन् । हरिदासले भन्छन्, ‘संसारमा कतै पनि एकै ठाउँमा यति धेरै शालिग्राम पाइँदैन होला, हाम्रो मुख्य गन्तव्य मुक्तिनाथ थियो, पोखरा आउने बेला यहाँको बारेमा सुन्यौँ र मुक्तिनाथभन्दा पहिला शालिग्रामको दर्शन गर्न आयौँ, हाम्रो २६ जनाको टोली छ, गाडीमै सिधै आउन सकिने रहेछ, तल कालिका मन्दिर, माथि पञ्चकोट र यहाँ शालिग्राम कस्तो रमाइलो रहेछ, एकै ठाउँमा आउँदा धेरैको दर्शन गर्न पायौँ, फेरि अर्को पटक पनि आउने छौँ, यस्तो पवित्र स्थानको प्रचार अलिक कम भएको जस्तो लाग्यो, हामीलाई थाहा थिएन, बाटोमा आउँदा बल्ल जानकारी पायौँ, उतै हुँदा थाहा हुन्थ्यो भने उहीँ ‘प्लान’ बनाएर आउथ्यौँ ।’ शालिग्रामवरपर रङ्गविङ्कटेश्वर मुक्तिनारायण मन्दिरसहित मुक्तिनाथ वेद विद्याश्रम पाठशालासमेत सञ्चालनमा छ । धार्मिक यात्रीले यहाँ आएर सबै क्षेत्रको अध्ययन र दर्शनसमेत गर्न पाउँछन् । पछिल्लो समय पशुपति, जनकपुर, लुम्बिनी र मुक्तिनाथको यात्रामा आउने धेरै भक्तजन र पर्यटकले शालिग्राम सङ्ग्रहालयलाई प्राथमिकतामा राखेका छन् । पर्यटन विकास समिति बागलुङका अध्यक्ष एवं बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले यहाँका बारेमा सञ्चारमाध्यम र समाजिक सञ्जालमार्फत प्रचारप्रसारमा ध्यान दिनुपर्ने बताए । धार्मिक पर्यटकलाई लक्षित गरी सूचना बोर्डहरु राख्ने, पर्यटक सहायता कक्षा स्थापना गर्नका लागि पर्यटन विकास समितिले तयारी थालेको अध्यक्ष खड्का बताउँछन् । ‘हामीसँग स्रोत साधान निकै कम हुन्छ, एक्लै गर्न सकिँदैन, यद्यपि क्षमताले भ्याएसम्म पर्यटन प्रवर्द्धनका लागि जुटिराखेका छौँ, पर्यटन बोर्डसँग पनि सहकार्य गर्नेछौँ’, उनले भने, ‘मुक्तिनाथ जाने सबै पर्यटकलाई यहाँ ल्याउनका लागि केही प्रयास गरिरहेका छौँ, सबै पालिका, प्रदेश र केन्द्र सरकारसँग सहकार्य गरेर पर्यटकको आगमनलाई बढाउँछौँ, पहिलेको तुलनामा शालिग्राम सङ्ग्रलहायसहित अन्य पर्यटकीय क्षेत्रमा विदेशी पर्यटकको संख्या बढेको छ ।’



प्रवृत्ति तथ्य भन्दा
महत्वपूर्ण हो।
–जर्ज म्याकडोनाल्ड

## सम्पादकीय

# नियती बन्यो मलको सास्ती

कृषिप्रधान देश भनिएको नेपालमा कृषकले भोग्नुपर्ने सास्तीको फेहरिस्त लामै छ । जब खेती गर्ने महिना लाग्छ, त्यसपछि सुरुमा बीउ र पछि मल नपाउनु उनीहरुको दैनिकी बनेको छ । केही किलो मलका लागि लाइन बस्नु पर्ने बाध्यता टरेको छैन । यो वर्ष पनि यस्तो नियती दोहोरिएको छ । कृषिजन्य उत्पादन बढाउँदै देशलाई आत्मनिर्भर बाटोमा अघि बढाएको दाबी गर्ने सरकार किसानका समस्याबारेमौन रहँदा समस्या सुल्झनुको साटो झन बिकराल बन्दै गएको छ । कृषिजन्य उत्पादन बढाउनका लागि सबैभन्दा पहिला मल र बीउको सहज उपलब्धता हुनु अनिवार्य शर्त मानिन्छ । तर, नेपालमा खेती गर्ने समयमा किसानले मल र बीउ पाउनका लागि हरेक वर्ष खेप्नु परेको सास्ती कम्ती छैन । सरकारी संयन्त्रमार्फत किसानका लागि सरकारले हरेक वर्ष उपलब्ध गराउँदै आएको मल र बीउ एकातर्फ पर्याप्त छैन भने अर्कातर्फ सहज पनि छैन । हिजोआज मधेश प्रदेशका अधिकांश जिल्लामा किसानले मल र बीउअभाव झेलिरहेका छन् ।

बारा, पर्सा, सिरहा, सप्तरीलगायतका जिल्लामा स्थानीय निकायले वडाका लागि निर्धारण गरेको मलको परिमाण किसानका लागि अपुग बनेको छ । रासायनिक मलको अभावकै कारण यतिबेला गहुँ तथा मुसुरो छर्न ढिलाइ भइरहेको कृषकहरुले गुनासो गरिरहेका छन् । थोरै परिमाणमा भइरहेको मल वितरणका लागि पनि कृषक दिनभर लाइनमा लाग्नुपर्ने बाध्यता छ । कतिपय किसान मलका लागि भारतको सिमावर्ती बजार धाइरहेका छन् । सरकारले उपलब्ध गराउँदै आएको मल पर्याप्त नभएपछि किसानले सिमावर्ती बजारबाट लुकिछिपी मल ल्याउने गरेका छन् । सरकारले नेपालका लागि चाहिने आवश्यक मल र बीउ समयमै उपलब्ध गराउन नसक्दा त्यसको प्रत्यक्ष असर उत्पादनमा समेत पर्ने गरेको छ । मल र बीउको अभावलाई सदाका लागि अन्त्य गर्न सरकारले ध्यान दिन सकिरहेको छैन । खेतीपातीको समयमा मल र बीउआवश्यकता पर्छ भन्ने ज्ञान सरकारलाई नभएको होइन, तर सरकारको हेलचेक्र्याइँ र काम गर्ने शैलीमा सुस्तताको मार किसानले भोग्नु परेको छ । उसो त सरकारले मलका लागि देशमा कारखाना सञ्चालन गर्ने रटान दोहो¥याउन छोडेको छैन । तर, कार्यप्रगति अझै पनि शून्य भन्दा माथि उक्लन सकेको छैन । सरकारी निकायबाट भइरहेको ढिलासुस्तीले मल र बीउको अभाव हरेक वर्ष किसानका लागि नियती बन्दै गइरहेको छ । परनिर्भरता बढाइरहेको छ ।

सरकारले हरेक वर्ष बजेटमा मल अभाव नहुने घोषणा गर्दै आएको भए पनि यथार्थमा फरक छ । मल पाएँ भन्नेको संख्या अहिले पनि न्यून छ । पाइएन भन्नेहरुकै बहुमत छ । खेतीका लागि आवश्यक रासायनिक मलअभाव हुनु नेपालका लागि परम्परा जस्तो बन्दै जाँदा उर्वर भूमि खाली बस्न थालेका छन् । देशैमै कृषिमा केही गरौँ भन्नेहरु पनि पलायन हुनु पर्ने बाध्यता छ । रासायनिक मलको दीर्घकालीन समाधानका लागि सरकारले ठोस पहल नगर्दा र भएका प्रयासपनि प्रभावकारी नबन्दा किसानले भोग्नु परेको मलको समस्या थप जटिल बन्दै गएको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

# संघीय गणतन्त्रात्मक लोकतन्त्रमाथि प्रश्न किन ?



डा. रामसागर पंडित

नेपाल अहिलेसम्म निकै धेरै प्रणालीको अभ्यास गरिसकेको देश हो। विगतमा राणाकाल, प्रजातान्त्रिक काल, पञ्चायत काल, पुनर्प्रजातान्त्रिक काल जस्ता पद्धतिहरूको अभ्यास हामी गरिसकेका छौं। वर्तमान समयमा लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्दै छौं। राणा कालको इतिहासलाई हेर्दा राजालाई नाम मात्रको राजाको स्थान कायम राखी, उहाँकै नामले राणाहरू देशका शासन चलाउँथे। राजालाई मुलुकको शासनमा कुनै अधिकार थिएन। यसैको विरोधमा राजा र प्रजा मिलेर आन्दोलनमा उत्रिए। २००७ सालको जनआन्दोलन मूल रूपले राणालाई शासनबाट हटाइ संबैधानिक राजतन्त्र स्थापनाका लागि थियो। राणाको विरोधमा जनता सडकमा उत्रिए र २००७ साल फागुन ७ गते राणाको हातबाट शासनसत्ता आफ्ना हातमा लिए। राजा त्रिभुवन संवैधानिक राजाको रूपमा काम गर्न थाले। राजा त्रिभुवनको देहावसान भएपछि राजा महेन्द्रको हातमा नेपालको शासनसत्ता आयो। त्यसबेलाका पार्टीहरूमध्ये नेपाली कांग्रेस मुख्य पार्टी थियो। २००७ सालमा राणा पदच्च्यूत भएपछि राणा, राजा, पार्टीका बीचमा कुरा नमिलेपछि ८ वर्षसम्म यस्तै मिलीजुली सरकार बनाएर प्रजातान्त्रिक शासनलाई गलत पद्धति साबित गर्न लागि परेको थियो। त्यस बेलापनि पार्टीहरूमा चेत आएन। अन्तोगत्वा राजाबाट २०१५ सालमा आमचुनावको घोषणा भयो। त्यस चुनावमा १०९ सांसदमध्ये नेपाली कांग्रेस ७४ सिटमा विजय हासिल गरेको थियो जो सम्पूर्ण सदस्यको ६८५ थियो। यस सिटलाई हेर्दा नेपाली कांग्रेसलाई दुई तिहाइभन्दा बढी नै थियो।

नेपाली कांग्रेसका अध्यक्ष बिपी कोइरालालाई प्रधानमन्त्री बनाइए। वहाँ दुई तिहाइभन्दा बढी सांसदको समर्थनमा प्रधानमन्त्री बनेका थिए। त्यसबेला नेपाली कांग्रेसको गुटबन्दीले गर्दा पार्टी र सरकार कमजोर बन्दै गए। राजा महेन्द्र यसै ताकमा बसेका थिए। त्यसबेलाको संविधानमा राजाको अधिकार पनि सुरक्षित थियो। व्यवस्थालाई हेरफेर गर्ने अधिकार समेत राजामा निहित रहेकाले त्यही दफा लगाइ २०१७ साल पुष १ गते बहुदलीय प्रजातन्त्रलाई खारेज गरी निर्दलीय व्यवस्थाको नाममा पूर्ण अधिकार आफ्नो हातमा लिए। नेपाली कांग्रेस राजाको विरूद्धमा प्रवासमा बसेर आन्दोलन शुरू गरेको थियो। विस्तारै आन्दोलन कमजोर हुँदै गयो किनभने नेपाली कांग्रेसका सबै नेताकार्यकर्ताहरू पार्टीलाई साथ दिएनन्।

त्यसबेला बामपंथी पार्टीलाई जम्मा ४ सीट आएको थियो। कम्युनिष्ट पार्टीले पनि नेपाली कांग्रेसको आन्दोलनमा साथ दिएन। संघर्ष गर्दा गर्दै २०४६ सालमा पुनः प्रजातन्त्र पुनर्बहालीका लागि कांग्रेस, कम्युनिष्ट तथा अन्य पार्टीसमेत संघर्षमा सामेल भए। तत्कालिन राजासँग सम्झौता गरेर प्रजातन्त्र बहाली गराइयो। राजा वीरेन्द्रको देहावसान भएपछि ज्ञानेन्द्र राजा भए। राजा ज्ञानेन्द्र पुनः बुवाले लागु गरेका निर्दलीय पञ्चायत व्यवस्था लागु गर्न बिगतमा पञ्चायत व्यवस्थाका सूत्रधार तुलसी गिरी तथा कीर्तिनिधि बिष्टलाई उपाध्यक्ष बनाइ अध्यक्षको रूपमा आफै अगाडी आए। यसरी नेपालमा निर्दल र बहुदलको बीचमा हानथाप हुँदै यहाँसम्म आइपुग्यो। नेपाल कम्युनिष्ट पार्टी (माओवादी) भुमिगत अवस्थाबाट बाहिर आउँदै थियो। राजा ज्ञानेन्द्रले माओवादीलाई हातमा लिएर आफ्नो शासनलाई टिकाउन चाहन्थे। यता गिरिजाप्रसाद कोइराला बाध्य भएर प्रचण्ड कहाँ हात बढाए। गिरिजाको कुरो मानेर पुनः ज्ञानेन्द्रको विरोधमा आन्दोलन भयो। राजाको शासन अन्त भयो। गणतान्त्रिक प्रणालीको शुरूआत भयो। पहिलो राष्ट्रपतिको रूपमा नेपाली कांग्रेसका नेता डा. रामवरण यादवलाई ल्याइए। डा. रामवरणकै पालामा गणतन्त्र नेपालको संविधान समेत संविधान सभावाट सर्वसम्मत रूपले पास भयो। अहिलेसम्म नेपालमा ३ वटा राष्ट्रपति भएका छन्। व्यवस्था कुन उत्तम कुन खराबलाई नियालेर हेर्दा, प्रजातान्त्रिक रूपले गणतान्त्रिक शासन पद्धतिलाई सबभन्दा उत्तम व्यवस्था मानिन्छ। यो पूर्णरूपेण जनताको शासन हो। यस प्रणालीमा जुनसुकै पदमा जनताका छोरा जान पाउँछ। अन्य कुनै व्यवस्थामा यस्तो हुन सक्दैन। तर यस व्यवस्थाबाट पनि केही समूह र पार्टीहरू सन्तुष्ट देखिएका छैनन्। उनीहरू यस व्यवस्थालाई पल्टाएर पुनः राजालाई देशको शासनभार सुम्पिन चाहन्छन्। यस्ता कुरा पूर्णरुपेण अप्रजातान्त्रिक हो। राजालाई आसीन गराएर आफ्नो तन्त्र नै राजाको हातमा सुम्पिन चाहन्छन्। यस व्यवस्थाभन्दा उत्तम व्यवस्था हुनै सक्दैन। यहाँ प्रश्न उठिरहेछ कि जनताको सन्तुष्टिलाई सरकार संबोधन गर्न सकिराखेको छैन। देशमा भ्रष्टाचार शीर्ष स्थानमा पुगिसकेको छ। देश ऋणमा डुब्दै गएको छ। कलकारखानाहरू बन्द हुँदै गएका छन्। जनताले दुई तिहाइसम्मको बहुमत दिंदा पनि यिनीहरू इमान्दारीपूर्वक सरकार चलाउन सकेनन्। जनता भ्रष्टाचारमुक्त सरकार हेर्न चाहन्छन्। देशमा अमन चैन हेर्न चाहन्छन्। जनता सर्बोपरि हुन् भने कुरा पार्टीहरू बिर्सिंदै गएका छन्।

शिक्षा, स्वास्थ्य, सहकारी, कृषि, वन, जलश्रोत, यातायात, आपूर्ति लगायतका मन्त्रालयहरू सोझो रूपले जनतासँग सम्बन्ध राख्ने सम्पूर्ण निकाय खस्किँदो अवस्थामा रहेका छन्। विद्यार्थीहरू देशभित्र पढ्न नपाएर विदेशिएका छन्। युवाहरू कामको खोजीमा विश्वका अनेकौं देशमा भौतारिरहेका छन्। स्वास्थ्यको अवस्थालाई हेर्दा सानो रोगमा पनि मन्त्री तथा नेताहरू विदेशमा जान्छन्। हाम्रा नेपाली स्वास्थ्य जनशक्तिमाथि विश्वास गर्दैनन्। सहकारीको अवस्था अझै बेहाल छ। सहकारी राम्रो कुरो भएपनि ठगी प्रबृतिले गर्दा सहकारी संस्थाहरू राम्रोसँग काम गर्न सकिराखेका छैनन्। कृषिको अवस्था दिनप्रतिदिन बिग्रिंदै गएको छ। जनसंङख्या बृद्धि हुँदै गएकाले खाद्यान्नको आपूर्तिमा कमी हुँदै गएको देखिन्छ। नेपालको वन सकियो। एकताका 'हरियो वन नेपालको धन' कहाबत थियो। अहिले पहाडका डाँडाहरू नाँगिएका छन्। जथाभावी पहाडमा जग्गा प्रयोगले गर्दा भूकम्पीय प्रकोपको घटना उतिनै बढेको छ। जलश्रोतलाई हामीले ठीकसँग प्रयोग गर्न सकि राखेका छैनौं। यातायातको उस्तै अवस्था छ।

यी सबै कारणले गर्दा जनता राजनीतिक पद्धतिमाथि नै आक्रोस पोखिरहेका छन्। गणतान्त्रिक व्यवस्था एउटा जनहीतकारी व्यवस्था हो भने कुराको अनुभूति गर्न सकिरहेका छैनन्। जनताले यी बहुदलवादी नेताहरूलाई हेरेर प्रणालीमाथि नै प्रश्न चिन्ह उठाउन थालेका छन्। जहाँसम्म गणतान्त्रिक प्रणालीको कुरो छ, यसमा सबैले भाग पाउने व्यवस्था छ। यसको असफलता सबैको असफलता हो। प्रत्येकले आफ्नो कुरा राख्न पाउने मौका पाउँछ। सबैलाई पार्टी खोल्ने पूर्ण अधिकार छ। राजतन्त्रमा यस्तो गर्न पाइदैन्थियो। नेपालको संविधान पूर्ण लोकतान्त्रिक संविधान हो। यहाँ देश चलाउने चालकहरू पो इमान्दार भै दिनु प¥यो। जो बेइमान छ। त्यसको विरोध गर्न पाइन्छ। यसमा मान्छेले मानव अधिकार पूर्णरुपेण उपभोग गर्न पाइन्छ। कुनै नेतृत्व गर्ने व्यक्तिको आचरण गलत छ भने त्यस्तालाई जनताले तह लगाउन सक्छन्। देश विगार्न कसैको अधिकार छैन। राजतन्त्रमा कानुनी शासन हुँदैन। यो प्रणाली पूर्णरुपेण कानूनी शासनमा अडेको छ। कानूनभन्दा माथि कोही पनि हुँदैन। जनतामा सम्प्रभु निहित हुन्छ। नेपालमा हालको संविधान जनताद्वारा निर्माण गरिएको संविधान हो। यस संविधानमा मन नपरेका कुरालाई हटाउन तथा मन परेका कुरालाई राख्न संविधान संशोधनको व्यवस्था छ। त्यसैले जो विरोधमा उतरेका छन्, उनीहरूले यस्ता कुरा बुझेर मात्र व्यवस्थाको विरोध गर्नु उचित हुने देखिन्छ। जथाभावी साधारण मानिसहरू लोभलालचमा पारेर देशलाई अशान्त पार्नु कदापि राम्रो मानिदैन। जो गलत काम गर्छ त्यसलाई दण्डित गर्ने संविधानमा कानुन उल्लेख छ। कानुनी राज्यमा जसले पनि कानुन अनुसार दण्डित हुन सक्छ। राजतन्त्रमा संविधानको स्रोत राजालाई मात्र होइन उनको अगाडि पछाडिका मान्छेहरूलाई समेत दण्डित गर्न पाउँन्थियो।

अब पाठक वर्गलाई यस लेखको शीर्षकमा उल्लेख भएका कुरातिर मोडौं। लोकतान्त्रिक व्यवस्थामा जसलाई पनि बिरोध गर्न पाउँछौं। के राजतन्त्रमा पनि यस्ता अधिकार दिएको हुन्छ त ! यसमा व्यक्ति खराब हुन सक्छ, व्यवस्था खराब हुन सक्दैन। राजनीति शास्त्रमा उल्लेख भएका सिद्धान्तहरूमध्ये लोकतान्त्रिक प्रणालीलाई सबैभन्दा उत्तम प्रणाली मानेको छ। अब यसलाई फालेर कुन व्यवस्था ल्याउने हो त ! देशलाई सही बाटो दिन सकेनौं भने त्यसलाई सरकारबाट हटाउन सकिन्छ। उपयुक्त व्यक्तिलाई त्यहाँ पठाएर पदपूर्ति गर्न सकिन्छ। हालको हाम्रो लोकतान्त्रिक प्रणाली संघीय व्यवस्थामा आधारित छ। गाउँको शासन गाउँकै व्यक्तिले नै गरून्। नेपालमा तीन तहको सरकार काम गरिरहेका छन्। संघीयता अनुसार राज्य चलाउने अधिकारको बाँटफाँट नहुन सकेर प्रदेश र स्थानीय सरकारहरूमा असंतुष्टि छ, तर त्यसलाई लोकतान्त्रिक पद्धतिमाथि नै प्रश्न उठाउनु कदापि ठीक होइन।

कतिपय पार्टी र व्यक्तिले संघीयताको विरोध गर्छन्। उनीहरूका भनाइ अनुसार नेपालको औकातले संघीयताको खर्च धान्न सक्दैन। चित्रबहादुर केसी जस्ता अनुभवी राजनीतिज्ञले पनि संघीयताको भार नेपालले उठाउन सक्दैन। त्यसैले संघीयता खारेज हुनुपर्छ। नेपालको संविधान २०७२ मा संशोधनको व्यवस्था रहेकाले दुई तिहाइ सदस्यहरूले सजिलै संशोधन गर्न पाउँछन्। यस्ता कुरालाई लिएर व्यवस्था र संविधानमाथि नै ऋणात्मक कुरा गर्नु कदापि ठीक होइन। हाम्रो संविधान बडो शोचविचार तथा छलफल गरेर निर्माण भएको हुनाले यसभन्दा उत्तम संविधान कमै होला।

जबसम्म नेता तथा पार्टीहरूले देशप्रतिको जिम्मेवारीलाई इमान्दारीपूर्वक बहन गर्दैनन् तबसम्म विभिन्न किसिमको कमिकमजोरी आइ रहन्छन्। हाम्रो संविधानको प्रयोग भरखर ८ वर्ष भएको छ। जन्मेको बच्चाले कतिको भार बहन गर्न सक्छ। केही खर्चको भार त पक्कै थपिएको छ। केही कार्यालय र समितिहरूलाई खारेज गर्नु नै बेश देखिन्छ। उदाहरणको रूपमा शिक्षा समन्वय इकाइ, जिल्ला समन्वय समिति, प्रादेशिक सरकारका केही मन्त्रालय, निकाय तथा कार्यालयहरू, स्थानीय सरकारका केही शाखाहरूलाई खारेज गर्नु अत्यन्तै जरुरी देखिन्छ। केन्द्रले पनि तल्लो निकायहरूलाई अधिकार दिएर सक्रियता बढाउन सकिन्छ। अहिलेको संघीय सरकारलाई अलिकति पनि अधिकार काटिएको जस्तो लाग्दैन। सामान्य कामका लागि पनि काठमाण्डू नगई हुँदैन। गाउँमै सिंहदरबारको अनुभूति हुनु प¥यो। प्रदेशमा मन्त्रीको संख्यालाई सीमित गरेर केही खर्च समेत घटाउन सकिन्छ।

कुनै पनि देशमा माथिल्ला निकाय भ्रष्ट भएन भने तल्ला निकायहरूलाई हिम्मत हुने कुरै भएन। त्यसैले देशमा लोकतन्त्रात्मक गणतन्त्रको अनुभूति गराउन आफै आदर्श भएर देखाइ दिनु पर्छ। हामी जति मितव्ययी बन्छौं, त्यति मुलुकको सम्पत्ति बचाउन सक्छौं। बहुदलीय लोकतन्त्रात्मक गणतन्त्र आएदेखि घूसखोरीमा बृद्धि भएको छ भने इमान्दारीको खडेरी पर्दै गएको हेर्न सकिन्छ। यो एउटा चिन्ताको विषय हो। यसको दूरगामी परिणाम राम्रो आउँदैन। यदि आफूलाई हामीले सुधार्न सकेनौं भने यहाँ जे पनि हुनसक्छ। अब संविधान बदल्न, गणतन्त्रको विकल्प खोज्न, राजालाई पुनः गद्दीमा आसीन गराउन, राजतन्त्र फर्काउने जस्ता कुराहरूका लागि आन्दोलन गर्नु विल्कुलै अप्रजातान्त्रिक व्यवहार हुन्। कानुन प्रधान देशलाई सबैभन्दा उत्तम शासन मानिन्छ। हाम्रो देशमा शासन पद्धतिको लडाड सकिसकेको छ। अब सबै नेपाली विकासतिर लागौं। भोलिको दिनलाई उज्यालो बनाउन सबै मिलेर अगाडि बढौं। देश विकसित भएमा मात्र हामी आफूलाई विकसित राष्ट्रका नागरिक भन्न सक्छौं। हाम्रो लोकतान्त्रिक गणतन्त्रलाई कसैले हप्कीदप्की दिंदैमा यो व्यवस्था जाने कुरै आउँदैन।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्क : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धनार्जनको योग हुनाको साथै तपाईंलाई देख्नेहरु मोहित होलान् ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आजको दिन तपाईंमा निरोगिता तथा आरोग्यता आउला, बल बुद्धि तथा तेजमा वृद्धि होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मान तथा सम्मानमा हानि होला, आजको दिन भगवान गणेशको आराधना गर्नाले राम्रो हुन्छ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन विशेषरुपमा होशियार रहनुहोला, अनावश्यक खर्च तथा व्ययले मन खिन्न रहला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
विभिन्न प्रकारका धन तथा सम्पत्तिको लाभ होला, आजको दिन पुजापाठमा सहभागी भईएला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
तपाईं आजको दिन कुनै पनि मांगलिक सहभागी हुनुहुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
विभिन्न प्रकारका उन्नति र प्रगतिले तपाईंलाई उत्साहित गराउला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन तपाईंलाई उच्च पद प्राप्ति हुनसक्छ, कुनै पनि परिक्षामा उतिर्ण भईएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
,कुनै पनि पद तथा नेतृत्व प्राप्त होला, तिर्थयात्रा पनि हुनसक्छ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंमा नयाँ नयाँ सोच र बिचारको उदय होला, साहित्यिक कार्य गरिएला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
वैदेशिक यात्रा तथा रोजगारको अवसर पनि प्राप्त होला।

**मीन - PISCES** दि,दु,थ,भ्क,ञ,दे,दो,च,चि
तपाईंलाई आजको दिन गुप्त बिद्या तथा ज्ञान प्राप्त होला, खानपान तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भईएला।

# जलवायु परिवर्तनको जोखिम कम गर्ने प्रयास

*'हामीमाथि भएको डरलाग्दो अन्यायका कारण हाम्रा नागरिक बाढी पहिरो, डढेलो, हिमनदी विस्फोट, खडेरीजस्ता जलवायुजन्य सङ्कटबाट नराम्ररी प्रभावित भएका छन् । तिनीहरुलाई पहिले बचाउनुहोस् ।'*

- **जलवायु परिवर्तन प्रकृति र मानवता विरुद्धको युद्ध**
- **कृषि तथा खाद्य प्रणालीमा पनि गम्भीर असर**
- **पेरिस सम्झौता कार्यान्वयनमा सबैको जोड**
- **विकसित देशले जनाएको प्रतिबद्धता पूरा गर्नुपर्ने भनाइ**

**रासस**
**काठमाडौँ ।**
वर्षभरि नै सेता देखिने हिमाल क्रमशः काला पहाडमा रुपान्तरण भइरहेका छन् । हिमनदीहरू पग्लदै गएका छन् । अनावृष्टि, अतिवृष्टि तथा लामो खडेरीका कारण जनजीवन क्रमशः प्रभावित भइरहेको छ । जलवायु परिवर्तनमा नेपालको खास योगदान नभए पनि क्षतिका हिसाबले ठूलो समस्यामा परेको छ । पानीका मूल क्रमशः सुक्दै गएका छन् । कहिल्यै बाढी नआउने मुस्ताङमा बाढीबाटै ठूलो क्षति पुगेको छ । मेलम्चीको बाढीका कारण भोग्नुपरेको क्षति र त्यसपछिको पुनः निर्माण तथा पुनःस्थापनाको काम अझै पूरा भइसकेको छैन । यी र यस्ता समस्याका बारेमा जानकारी गराउने, विश्व समुदायको ध्यानाकर्षण गराउने उद्देश्यका साथ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेपाली प्रतिनिधिमण्डल यतिबेला संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलनमा भाग लिन संयुक्त अरब इमिरेट्स (युएई)को दुबइमा पुगेको छ । प्रधानमन्त्री प्रचण्डले शनिबार 'हिमालः हामीलाई जलवायु सङ्कटबाट कसले बचाउँछ ?' विषयक उच्चस्तरीय छलफल सत्रलाई सम्बोधनसहित अध्यक्षता गरे । नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा छुट्टै इभेन्टको अध्यक्षता गर्दै छलफल सञ्चालन गरेको पनि यो पहिलो पटक हो । सो बैठकलाई संयुक्त राष्ट्रसङ्घका महासचिव महामहिम एन्टोनियो गुटेरेसले विशेष सम्बोधन गरेका थिए । सो बैठकमा नेपालदेखि अन्टार्कटिकासम्म देखिएको जलवायु परिवर्तनको असर र मानव जीवनमा यसले पारेको नकारात्मक प्रभावबारे आइसिसिआई, इसिमोडलगायत अन्तर्राष्ट्रिय संस्थासँग आबद्ध विषयविज्ञद्वारा प्रस्तुतीकरण गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । यस्तै, जलवायु परिवर्तनले कृषि तथा खाद्य प्रणालीमा पारेको प्रभावबारे गम्भीर छलफल भएको थियो । जलवायु परिवर्तनका कारण पूर्वघोषित तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्री सेन्टिग्रेटभन्दा माथि जान नदिने प्रतिबद्धता व्यावहारिक रुपमा कार्यान्वयन हुन सकेको छैन । विश्वव्यापी जलवायु परिस्थितिका बारेमा संयुक्त राष्ट्र महासचिव गुटेरेसले पटकपटक विश्व समुदायको ध्यानाकर्षण गराएका छन् । गत महिना उनले नेपालको चारदिने भ्रमणमा जलवायु परिवर्तनका असर नजिकबाट नियालेका छन् । अन्नपूर्ण र सोलुखुम्बु पुगेर उनले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परेको असरलाई नजिकबाट नियाल्दै यस सङ्कट समाधान गर्न विश्व समुदायलाई आग्रह गरेका थिए । जीवास्म इन्धनको अत्यधिक प्रयोग, बढ्दो कोइलाको प्रयोगका अलावा ग्रिन हाउस ग्यास उत्सजर्नका कारण प्राणीजगत्को साझा घरका रुपमा परिचित पृथ्वीले समस्या भोग्नुपरेको छ । त्यसमाथि जलवायु परिवर्तनको सङ्कट भोग्ने विश्वका केही देशहरुमध्ये नेपाल अग्रस्थानमा छ । प्रधानमन्त्री प्रचण्डले शनिबार गरेको हिमालका मुद्दा विषयक सम्बोधनमा पनि पेरिस सम्झौता कार्यान्वयनको माग गरेका छन् । सो सम्झौतामा 'जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीय रुपमा घटाउने कुरालाई आत्मसात् गर्दै विश्वव्यापी औसत तापक्रममा हुने वृद्धिलाई पूर्वऔद्योगिक तहभन्दा माथि दुई डिग्री सेल्सियसभन्दा तल कायम राख्ने र तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न प्रयास गर्ने' उल्लेख छ । यसैगरी, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई अनुकूलनका लागि क्षमता वृद्धि गर्ने र न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समानुकूलनलाई प्रवद्र्धन गर्ने सम्झौतामा स्पष्ट छ । न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समयानुकूल विकासमूलक कार्यप्रणालीअनुरुप लगानी प्रवाह गर्ने सो सम्झौताको मुख्य मर्म छ । सो सम्झौतामा जलवायु परिवर्तनबाट देखिने समस्या न्यूनीकरणका लागि पहिले नै चेतावनी दिने प्रणाली, आपत्कालीन तयारीका विषयलाई उत्तिकै प्राथमिकता दिइएको छ । अपूरणीय र अस्थायी प्रकृतिका हानि नोक्सानीका घटना, विस्तृत जोखिम मूल्याङ्कन तथा व्यवस्थापन, जोखिम बीमा सुविधा, जलवायु जोखिम व्यवस्था तथा अन्य बीमाजन्य समाधान, गैरआर्थिक नोक्सानी र समुदाय, जीविकोपार्जन र पारिस्थितिकीय प्रणालीको समानुकूलन जोड दिइएको छ । सन् २०२२ मा नासाको नेतृत्वमा गरिएको एक अध्ययनअनुसार, यदि तापमान पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री माथि पुग्यो भने मानव उत्पन्न सङ्कटका कारण थप जोखिम देखिनेछ । सन् २०२३ लाई 'अत्यधिक गर्मी' को वर्षका रुपमा चित्रण गरिएको छ । यस वर्ष विश्वको तापक्रम पूर्व औद्योगिक औसतको तुलनामा करिब एक दशमलव एक डिग्रीले बढेको छ । अझै, विश्व तापक्रमलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्ने मार्गबाट अझै टाढा रहेको देखिन्छ । विश्वव्यापी औसत तापमान सन् दुई हजार एक सयसम्म दुईदेखि चार डिग्रीले बढ्ने प्रक्षेपण गरिएको छ । यदि त्यसो भएको खण्डमा चरम मौसम घटना निम्तने चेतावनी दिइएको छ । विषम घटनाहरुबाट जोगिन दुबइमा जारी कोप–२८ मा हानि नोक्सानी कोष औपचारिक रुपमा सुरु गरिएको छ । विश्वव्यापी तापक्रम वृद्धिसँग सम्बन्धित प्राकृतिक विपत्तिबाट तहसनहस भएका कमजोर र जोखिममा रहेका राष्ट्रले 'हानि र नोक्सानी' कोषको माग गरेपछि उक्त कोषको शुभारम्भ गरिएको हो । वर्षौंदेखि यस विषयलाई निष्कर्षविहीन अवस्थामा बनाएका धनी राष्ट्रहरूले गत वर्ष इजिप्टको शार्म अल शेखमा भएको कोप–२७ शिखर सम्मेलनमा भएको ऐतिहासिक सम्झौतामा कोषलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । कोप–२८ सम्मेलनको उद्घाटनका दिन यही मङ्सिर १४ गते उक्त कोष र कोषको व्यवस्थापनका लागि चार सय २३ दशमलव एक मिलियन अमेरिकी डलर सहयोगको प्रतिबद्धता गरिएको छ । आयोजक संयुक्त अरब इमिरेट्स र जर्मनीले एक/एक सय मिलियन, युरोपियन युनियनबाट एक सय ४५ दशमलव छ (जर्मनीको सहित), संयुक्त अधिराज्यबाट ७५ मिलियन, संयुक्त राज्य अमेरिकाबाट २४ दशमलव पाँच मिलियन र जापानबाट १० मिलियन अमेरिकी डलर प्रतिबद्धता व्यक्त भएको छ । जलवायु परिवर्तनबाट हुने हानिनोक्सानीको एजेन्डाले गत वर्ष इजिप्टको शार्म अल शेखमा भएको कोप–२७ शिखर सम्मेलनमा औपचारिकरुपमा प्रवेश पाएको थियो । कोषको संरचनाबारे बृहत् वार्तापछि यसलाई अन्तरिम रूपमा विश्व बैंकमा राखी उल्लेख छ । सम्मेलन अघि युएईको अवुधाबीमा अक्टोबरमा भएको सङ्क्रमणकालीन समितिको बैठकले हानि नोक्सानीसम्बन्धी कोष परिचालनमा भएको सहमतिको अनुमोदन कोप–२८ ले गर्नुपर्ने जनाएको थियो । यस सहमतिले कोप–२८ को पूर्वसन्ध्यामा सकारात्मक सन्देश दिएको छ । तीव्र रूपमा भइरहेको जलवायु परिवर्तनमा कम जिम्मेवार स्थानीय तथा बढी प्रभावित सङ्कटापन्न समुदाय छन् । कोषले नेपालजस्ता सङ्कटापन्न विकासोन्मुख देशमा जलवायु परिवर्तन तथा जलवायुजन्य अतिशय मौसमी र ढिलो सुरु हुने विपद्का घटनाबाट हुने आर्थिक र गैरआर्थिक हानि नोक्सानीलाई सम्बोधन गर्ने अपेक्षा राखिएको छ । अल्पविकसित देशहरुका लागि हानिनोक्सानी वित्त सरल र समन्यायिक पहुँचका आधारमा परिचालन होस् भन्ने विषयलाई स्थापित गर्न आवश्यक छ । कोप–२८ मा विश्वका गरिब र कमजोर राष्ट्र (जो जलवायु सङ्कटको भुमरीमा पर्न थालेका छन्) ले स्पष्ट रुपमा आफूहरुका माग सम्बोधन गर्न जबर्जस्त रुपमा आफ्ना धारणा राखेपछि धनी र औद्योगिक राष्ट्र विगतका प्रतिबद्धता कार्यान्वयनमा लाग्नैपर्ने बाध्यात्मक अवस्थामा पुग्ने अपेक्षा गरिएको छ । कोष–२८ लाई जलवायु परिवर्तनविरुद्ध लड्ने प्रभावकारी एवम् वस्तुनिष्ठ साझा मोर्चा बनाउने लक्ष्यका साथ संसारभरका जलवायु विज्ञ र सरकार प्रमुखहरु जुटेका छन् ।

# 'हामी आफैँलाई बचाउन पहिला हिमाल बचाऔँ'

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानव जाति र सभ्यता बचाइराख्न पहिला हिमाल बचाउन आवश्यक रहेको बताएका छन् । संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजना भइरहेको कोप–२८ सम्मेलनका क्रममा हिमाली मुलुकले भोगिरहेको जलवायु परिवर्तनका असरबारे छलफल सत्रको अध्यक्षता गर्दै प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् । 'हिमाल, हिमाली सभ्यता एवम् हिमाली समुदायले भोगिरहेका समस्या बुझेर समाधान खोज्न जलवायु परिवर्तनसँग सम्बन्धित संवादको थालनी गर्न म आग्रह गर्दछ', प्रधानमन्त्री दाहालले भने, 'हामी आफैँलाई बनाउन पहिला हिमाल बचाऔँ भनेर विश्व समुदायसँग आग्रह गर्दछु ।' हिमाली देश, त्यहाँको मानवजाति र समग्र पारिस्थितिक प्रणालीले सामना गरिरहेको जलवायु सङ्कटको विषयसँग सम्बन्धित सत्र नेपालले आयोजना गरेको थियो । प्रधानमन्त्री दाहालले अध्यक्षता गरेको उक्त 'राउन्डटेबल' छलफलमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेस, किर्गिज रिपब्लिक, भूटान, स्लोभेनिया, मोन्टेनेग्रो, एनडोरालगायत देश, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्र (युएनडिपी) तथा संयुक्त राष्ट्रसङ्घीय खाद्य एवम् कृषि सङ्गठन (एफएओ) लगायतका प्रतिनिधि र जलवायु क्षेत्रमा काम गरिरहेका विश्लेषकको सहभागिता रहेको थियो । हिमाली मुलुकमा जलवायु परिवर्तनका असर बढी देखिएको र यस्ता असर देखिएका ठाउँमा मृत्युदर पनि बढेको अध्ययनबाट देखिएको प्रधानमन्त्री दाहालले उल्लेख गरे । 'हिमालमा जलवायु परिवर्तनको असर बढ्नु समग्र मानवजाति र पारिस्थितिक प्रणालीका लागि खतराजनक छ । 'इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेञ्ज' (आपिसिसी) को पछिल्लो प्रतिवेदनअनुसार मानव सिर्जित 'ग्लोबल वार्मिङ'का कारण निकै ठूला र अभूतपूर्ण समस्या सृजना भएका छन् । चक्रवात, बाढी, खडेरीलगायत जोखिम भएका क्षेत्रमा मृत्युदर १५ गुणा बढी देखिएको छ । यो स्वीकार्य छैन', प्रधानमन्त्री दाहालले भने । विश्वको सबैभन्दा अग्लो हिमाल रहेको नेपालले जलवायु परिवर्तनका असर अरू देशको भन्दा चाँडो भोगिरहेको उनको भनाइ छ । हिमाली पारिस्थितिक प्रणाली र त्यहाँको नागरिक जीवन प्रत्यक्ष रुपमा जोडिने भएकाले जलवायु परिवर्तनका कारण सृजना भएका समस्यालाई विश्व समुदाय मिलेर समाधान खोजिनुपर्ने धारणा प्रधानमन्त्री दाहालले राखे । 'विश्व नेताहरु हिमाल, हिमाली पारिस्थितिक प्रणाली र हिमाली जनताको दिगो भविष्यको रक्षा गर्न एक साथ हिँड्नुपर्छ' दाहालले भने । हिमाली मुलुकले संयुक्त र एकमुष्ट रुपमा आवाज उठाउँदा जलवायुसँग सम्बन्धित असरबारे विश्व समुदायलाई अझ बढी बुझाउन र ध्यान केन्द्रित गर्न सकिने पनि उनको भनाइ थियो । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले केही समयअघि गरेको नेपाल भ्रमणका लागि धन्यवाद व्यक्त गर्दै प्रधानमन्त्री दाहालले उक्त भ्रमणका क्रममा महासचिव गुटेरेसले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएको असर र प्रभावको प्रत्यक्ष जानकारी सङ्कलन गरेको तथा स्थानीय समुदायले सामना गरिरहेका समस्या र चुनौतीबारे नजिकबाट बुझेको स्मरण गरे । 'संयुक्त राष्ट्रसङ्घका महासचिवले नेपाल र अन्टार्टिकाको भ्रमणपछि जलवायु शिखर सम्मेलनको उद्घाटन समारोहमा हिजोको भनाइलाई सम्झिन चाहन्छु, 'यी दुई ठाउँ धेरै टाढा छन् तर एउटै सङ्कटको सामना गरिरहेका छन्' प्रधानमन्त्री दाहालले भने । कोप सम्मेलनमा नेपालले आयोजना गरेको यो सत्रको उद्देश्य हिमाल, हिमाली सभ्यता, हिमाली पारिस्थितिक प्रणाली र हिमालका बासिन्दाको संरक्षण र प्रवद्र्धन गर्नु रहेको छ । उक्त सत्रमार्फत हिमाली क्षेत्रमा जलवायु परिवर्तनले निम्ताएका साझा समस्या र चुनौती समाधानका लागि सहयोग र ऐक्यबद्धता जनाउन पनि प्रधानमन्त्री दाहालले विश्व समुदायसँग अपिल गरेका छन् । उक्त सत्रमा हिमाली क्षेत्रको हित र समग्र पारिस्थितिक प्रणालीबारे चासो देखाएकामा धन्यवाद दिदैं प्रधानमन्त्री दाहालले 'ग्लोबल वार्मिङ'लाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्ने गरी भएको सम्झौताबारे स्मरण गराए ।

**पेरिस सम्झौता कार्यान्वयनमा जोड**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेरिस सम्झौता कार्यान्वयन गर्न ढिला गर्न नहुने बताएका छन् । उनले भने, 'पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियलमा सीमित गर्ने प्रतिबद्धता कार्यान्वयन गर्न ढिला भइसक्यो, यसले पनि हिमालमा ठूलो असर पर्ने र सङ्कट आइसकेको छ ।' प्रधानमन्त्री दाहालले यस सम्मेलनबाट स्थापना हुन लागेको जलवायुजन्य हानी नोक्सानी कोष सहयोग समतामूलक रुपमा हुनुपर्ने, प्रक्रिया सहज र पारदर्शी हुनुपर्ने तथा नेपालजस्ता मुलुकले लाभ लिन पाउनुपर्नेमा जोड दिए ।
प्रधानमन्त्री दाहालले भने, 'यो हाम्रो न्यायको विषय हो र अधिकारको विषय पनि हो ।' कार्यक्रममा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले हिमालका मुद्दा सम्बोधन गर्न ढिला गरे यसबाट अपूरणीय क्षति हुने बताउँदै जिम्मेवार मुलुक र निकायले छिटोभन्दा छिटो सम्बोधन गर्न लाग्नुपर्ने धारणा व्यक्त गरे । उनले भने, 'मैले आफैँले हिमालमा जलवायु परिवर्तनमा असर हेरेर आएको छु । अब यसमा ढिला भइसक्यो । सम्बोधन गर्न सबै लाग्नुपर्छ ।' प्रधानमन्त्री दाहालले आयोजना गरेको कार्यक्रममा महासचिव, एन्डोराका प्रधानमन्त्री, किर्गिस्तानका मन्त्री, भूटानका प्रतिनिधिमण्डलका प्रमुख, विभिन्न निकायका उच्च अधिकारी, वैज्ञानिकलगायतले पेरिस सम्झौता कार्यान्वयनमा जोड दिएका थिए ।




# नेपाल माथिको अन्याय रोकिनुपर्ने प्रधानमन्त्रीको भनाइ




**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वव्यापी उत्सर्जनमा नेपालको भूमिका शून्य प्रायः भए पनि जलवायु परिवर्तनको प्रत्यक्ष एवम् हानिकारक असर भोगिरहेको बताएका छन् । संयुक्त अरब इमिरेट्स (युएई)मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप–२८)को कन्फ्रेन्स अफ पार्टिजलाई सम्बोधन गर्दै उनले भने, 'हामीमाथि भएको डरलाग्दो अन्यायका कारण हाम्रा नागरिक बाढी पहिरो, डढेलो, हिमनदी विस्फोट, खडेरीजस्ता जलवायुजन्य सङ्कटबाट नराम्ररी प्रभावित भएका छन् ।' आफू तीन करोड नेपालीको सन्देश लिएर यस सम्मेलनमा सहभागी भएको उल्लेख गर्दै उनले विश्वव्यापी रुपमा बढ्दो तापक्रमले हाम्रा हिमाललाई यातना दिइएको बताए । उनले, 'तिनीहरुलाई पहिले बचाउनुहोस् ।' जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संयन्त्र (आइपिसिसी)ले दिएको प्रतिवेदनबाट आफूलाई सबैभन्दा बढी चिन्तित तुल्याएको उल्लेख गर्दै उनले जलवायु प्रेरित प्रकोपले हिमाली क्षेत्रमा कीर्तिमान तोडिरहेको बताए । प्रधानमन्त्रीले हाम्रा हिमनदीका एक तिहाइ हिस्सा गुमाइसकेको र वैज्ञानिकहरुले यस शताब्दीको अन्त्यसम्म थप एक तिहाइ हिस्सा गुमाउने अवस्था बताएको यथार्थता पेस गर्दै यो हामी सबैका लागि जागरणको घण्टीसमेत भएको बताए । हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्ने प्रधानमन्त्रीको भनाइ छ । त्यसले विश्व समुदायको सेवा गरेको र तल्लो तटीय क्षेत्रका मानिसका लागि जीविकाको प्रमुख स्रोतका रुपमा रहेको उनले स्पष्ट पारे । प्रधानमन्त्रीले नेपालमाथि भएको अन्याय अब रोकिनुपर्ने स्पष्ट धारणा राखे । संयुक्त राष्ट्र सङ्घका महासचिवले हालै गरेको नेपाल भ्रमणका क्रममा समेत 'प्रकृति विरुद्धको युद्ध बन्द गर' भनी आफ्ना धारणा सार्वजनिक गरेको विषय उल्लेख गरे । उनले 'जलवायु परिवर्तन प्रकृति र मानवता विरुद्धको युद्ध' भएको र आफ्नो स्वार्थ पूरा गर्नका लागि हामी आफैँ र भावी पुस्तासँग समेत लडिरहेको बताए । उनले भने, 'म यहाँ मेरो निर्दोष मानिसका लागि जलवायु न्यायका लागि उभिएको छु जो यस प्रकोपबाट पूर्ण पीडित छन्' । नेपाल–पेरिस सम्झौताप्रति पूर्ण प्रतिबद्ध रहेको सन् २०४५ सम्ममा नेट शून्य हरितगृह ग्यास उत्सर्जनको लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै प्रधानमन्त्रीले जुन विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्ष अगाडि रहेको बताए । प्रधानमन्त्रीले नेपालले स्वच्छ ऊर्जाका लागि जलविद्युत्को अधिकतम उपयोग गरेको तथा ४५ प्रतिशत भूक्षेत्रमा वनजङ्गल कायम गरेको यथार्थ विवरणसमेत पेस गरे । जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण योजना कार्यान्वयन गर्ने हाम्रा प्रयासले गम्भीर वित्तीय र प्राविधिक जटिलता सामना गरिरहेको उल्लेख गरे । साथै उनले विकसित देशले यसअघि जनाएको आफ्नो प्रतिबद्धता तत्काल पूरा गर्नुपर्ने र थप प्रतिज्ञा गर्नुपर्ने स्पष्ट पारे । प्रधानमन्त्री प्रचण्डले सन् २०२५ सम्म जलवायु वित्तमार्फत एक सय बिलियन डलर बराबरको सहयोग उपलब्ध गराउनुपर्ने र त्यसका सर्तहरु सरल हुनुपर्नेमा जोड दिए । प्रधानमन्त्री प्रचण्डले यस सङ्कटलाई सम्बोधन गर्न र न्यायका खातिर अनुदानको माग गरे । उनले हानि तथा नोक्सानी कोष अल्पविकसित र हिमाली देशका लागि अनुमानित, सरलीकृत र पर्याप्त हुनुपर्नेमा जोड दिए । प्रधानमन्त्री प्रचण्डले जिएसटी रिपोर्टले सबैलाई स्पष्ट मार्गचित्र दिनैपर्ने तत्कालै एकताबद्ध भएर काम गर्नुपर्ने धारणा राखे । हिमाल र जलवायु परिवर्तनका विषयमा सघन छलफल गरी एउटा निष्कर्षमा पुग्नैपर्नेमा जोड दिए ।

# आम्दानीको स्रोत बन्दै 'अल्लो'



**रासस**
**ताप्लेजुङ ।**
ग्रामीण क्षेत्रमा ठूलो, लेकाली र भाङ्ग्रे सिस्नो तथा पुवाजातका नामले चिनिने अल्लो ग्रामीण क्षेत्रका महिलाको आम्दानीको स्रोत बन्दै गएको छ । ताप्लेजुङका महिलाले अल्लो प्रशोधन गरेर विभिन्न कपडालगायत सामग्री उत्पादन गरेर मनग्य आम्दानी गर्दै आएका छन् । मैवाखोला गाउँपालिका–६ फागुम्बाका लाप्साङ शेर्पाले विगत १० वर्षदेखि अल्लो प्रशोधन गरेर कपडा उत्पादन गर्दै आएका छन् । पोपेबुङ अल्लो प्रशोधन तथा कपडा उद्योग दर्ता गरेर घरबाटै उद्योग सञ्चालन गर्दै आएको शेर्पाले बताए । उनका अनुसार उद्योग सञ्चालन गर्नका लागि परिवारका तीन जना परिचालन हुँदै आएका छन् । शेर्पाले भने, 'खर्च कटाएर वर्षको दुईदेखि तीन लाख रुपैयाँसम्म कमाउँदै आएको छु ।' उनका अनुसार मासिक २५ देखि ३० हजार रुपैयाँसम्म आम्दानी हुन्छ । यहाँ उत्पादित अल्लोको कपडा गाउँमै खपत हुँदै आएका शेर्पाको भनाइ थियो । उनले सरकारी कार्यालयमासमेत बिक्री हुने गरेको बताए । फुङ्लिङ नगरपालिका–१० का आशा लिम्बू विगत १५ वर्षदेखि अल्लो प्रशोधन तथा धागो उत्पादन र कपडा बुनाईलाई मुख्य पेशाकारुपमा अङ्गाल्दै आएका छन् । उनले उत्पादन गरेको कपडा बिक्री गर्नका लागि ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजारमा अल्लोको कपडा बिक्री केन्द्रसमेत स्थापना गरेका छन् । केन्द्रमा उनले कपडालगायत अल्लोका सामग्री बिक्री गर्दै आएका छन् । लिम्बू ताप्लेजुङको अल्लो कपडा प्रशोधन तथा कपडा बुनाईका लागि प्रशिक्षकसमेत हुन् । हिमाली संरक्षण मञ्च ताप्लेजुङको आयोजना, फुङ्लिङ–१० वडाको समन्वय तथा रेडपाण्ड नेटवक, फुङ्लिङ नगरपालिका र घरेलु तथा साना उद्योग ताप्लेजुङको आर्थिक सहयोगमा दुईमहिने अल्लो प्रशोधन तथा कपडा उत्पादन तालिमको प्रशिक्षकका रुपमा अहिले लिम्बूले काम गर्दै आएका छन् ।

फुङ्लिङ–१० फुरुम्बु गाउँका महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको मञ्चले जनाएको छ । भाङ्ग्रा, कोटलगायत सामग्री बनाउन मात्र प्रयोग गरिने अल्लोबाट हिजोआज झोला, गलबन्दी, जुत्ताचप्पल, कोटपाइन्ट, जुहारी कोटलगायत सामान बन्ने गरेका छन् । अल्लोको माग राम्रो रहे पनि मागअनुसार उत्पादन हुन सकेको छैन । अल्लोको प्रचुर सम्भावना भएकाले उद्योग स्थापना आवश्यक रहेको जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयका निमित्त प्रमुख युवराज घोरासाइनेले बताए । जिल्लामा अल्लो उद्यमीले राम्रो आयआर्जन गर्दै आएका उनको भनाइ छ । पछिल्लो समय स्थानीयस्तरबाटै अल्लोको क्षेत्रमा काम गर्ने प्रस्ताव आउन थालेको उद्योग कार्यालयले जनाएको छ । अल्लोबाट उत्पादन हुने कपडा विदेशीले पनि मन पराएकाले विदेशसमेत निर्यात हुने गरेको घोरासाइनेले बताए । अल्लोका सामान स्वदेशमै धेरै खपत हुने उद्यमीको भनाइ छ । जाडोयाममा न्यानो र गर्मीमा चिसो हुने कपडाको माग बढ्दो छ । गाउँघरमा खेर गएको अल्लोलाई प्रशोधन गरी उद्योग सञ्चालन गर्नसके यसको प्रवद्र्धन भई रोजगारीको अवसर सिर्जना हुने मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताए । उनकाअनुसार व्यावसायिकरुपमा अल्लोको कपडा उत्पादन गर्नका लागि कच्चापदार्थको आवश्यक पर्दछ । वनजङ्गलमा पाइने अल्लोलाई संरक्षण गर्दै व्यावसायिकरुपमा यसको खेती गर्न उद्यमीलाई आवश्यक तालिम तथा प्राविधिक सहयोग गर्ने मञ्चको योजना छ ।

**अल्लो के हो ?**
वनस्पति विभागकाअनुसार अल्लो बहुउपयोगी वनस्पति हो । वनस्पतिको नरम मुना, पात, बोक्रा र जराका भाग निकै उपयोगी मानिन्छ । यसको काण्डको बोक्रा कपडा, डोरी तथा विभिन्न घरायसी सामग्री निर्माणका लागि प्रयोग हुँदै आएको छ । अल्लोको कलिलामुना सागका रूपमा तरकारी खान प्रयोग गरिन्छ । यो वनस्पतिको पात टाउको तथा शरीर दुखेको, ज्वरो, क्षयरोग र पिसाबको गडबडीका लागि अचुक औषधिका रुपमा लिने गरिन्छ । यस्तै यसको जराको रस मधुमेहका बिरामीका लागि अति नै उपयोगी मान्ने गरिन्छ । तन्त्रमन्त्र धारीले डमरु बनाउँदा पनि अल्लोको धागो प्रयोग गर्दछन् ।

परम्परागतरुपमा जनजातिले भाङ्ग्रा, नाम्ला, थैला आदि बनाउन मात्र प्रयोग हुने गरेको अल्लोको परिभाषा अहिले परिवर्तन भएको छ । जङ्गलमा पाइने अल्लो सङ्कलन गरेर अहिले आधुनिक प्रयोगमा आउने धागोका साथै त्यसबाट विभिन्न किसिमका कपडा उत्पादन हुन थालेको छ । करिब एक हजार पाँच सयदेखि तीन हजार मिटरसम्मको उचाइका जङ्गलमा पाइने अल्लोको प्रयोग हिजोआज नेपालका कार्पेट उद्योगले पनि गर्न थालेका छन् । अल्लोका कपडा देश विदेशमा माग बढ्दै गएको छ । ताप्लेजुङका उच्च पहाडी क्षेत्रमा प्रशस्त मात्रामा पाइने अल्लोको सदुपयोग हुन थालेको छ । जङ्गलमा पाइने भएकाले स्थानीय बासिन्दाको आयआर्जनको भरपर्दो स्रोत बन्दै गएको छ । स्थानीय महिलाको आम्दानीको स्रोत बढाउन र स्वरोजगार बन्नका लागि अल्लोसम्बन्धी ताप्लेजुङमा तालिम सञ्चालन हुँदै आएको छ ।

# मुलुकमा आर्थिक सङ्कट न्यूनीकरण हुँदैछः मन्त्री

**रासस**
**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मुलुकमा आर्थिक सङ्कट न्यूनीकरण हुँदै गएको बताएका छन् । नेपाल आर्थिक पत्रकार सङ्घको १४औँ वार्षिक साधारणसभामा मन्त्री ज्वालाले देशमा विप्रेषण सङ्कलन बढेको, ब्याजदर घट्दै गएकाले आर्थिक सङ्कट न्यूनीकरण भई अर्थतन्त्र सामान्य लयमा फर्कन लागेको बताएका हुन् । उनले मुलुकमा वैदेशिक लगानी आकर्षित गर्न लगानी सम्मेलनको गृहकार्य तथा तयारी सुरु भएको जानकारी दिए । जनताको आर्थिक अवस्था सुधार गर्न उत्पादन तथा उद्यमशीलताको विकास गर्नुपर्ने बताए । मन्त्री ज्वालाले मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी जनतालाई आर्थिक–सामाजिक अधिकार प्रदान गर्न सकिने भन्दै जनताको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न वैज्ञानिक समाजवाद कार्यान्वयनमा जोड दिए । सामाजिक न्याय, समानता तथा समृद्धि



कायम गर्न विश्व परिवेशमा प्रयोग भएको समाजवादी व्यवस्थाले आर्थिक, वर्गीय, लैङ्गिक शोषण अन्त गर्न सक्ने उनको भनाइ थियो । मन्त्री ज्वालाले समाजवादमा शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षालगायत विषयलाई सर्वसाधारण नागरिकको पहुँचमा पुऱ्याउने विशेषता हुने भएकाले पत्रकारले पनि समाजवादी तथा ग्रामीण विकासका क्षेत्रलाई महत्व दिएर समाचार लेख्नुपर्ने सुझाव दिए । स्थानीय तथा पूर्वाधार विकास र क्षमता अभिवृद्धिमा सरकारले लगानी वृद्धि गरेकाले पूँजीगत खर्च बढेको उनले बताए । यसले अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्ने उनको विश्वास थियो ।

# सार्वजनिक ऋणः चार महिनामा थपियो साढे ५७ अर्ब

**रासस**
**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को पहिलो चौमासिक अवधिमा ५७ अर्ब ७१ करोड रुपैयाँ भन्दा बढी सार्वजनिक ऋण थपिएको छ । स
ार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्ममा २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रुपैयाँ बराबर रहेको सार्वजनिक ऋण कात्तिक मसान्तसम्म पुग्दा २३ खर्ब ५७ अर्ब छ करोड रुपैयाँ नाघेको हो । कार्यालयको गत कात्तिक मसान्तसम्मको तथ्याङ्कअनुसार हालसम्म नेपालले तिर्न बाँकी आन्तरिक ऋण ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख रुपैयाँ र बाह्य ऋण ११ खर्ब ७३ अर्ब ७९ करोड ६६ लाख रुपैयाँ रहेको छ ।

चालु आवको चार महिनामा सरकारले आन्तरिक ऋणको साँवाब्याज भुक्तानीमा ६५ अर्ब ४५ करोड ८३ लाख रुपैयाँ र बाह्य ऋणको साँवाब्याज भुक्तानीमा १६ अर्ब १८ करोड ६१ लाख रुपैयाँ बराबर भुक्तानी गरेको देखिएको छ । यही अवधिको ऋण प्राप्तिको अवस्था हेर्दा साउनदेखि कात्तिक मसान्तसम्ममा ९७ अर्ब ३१ करोड रुपैयाँ बराबर आन्तरिक ऋण र १५ अर्ब ८५ करोड ३० लाख रुपैयाँ बाह्य ऋण गरी कूल एक खर्ब १३ अर्ब १६ करोड ३० लाख बराबर ऋण उठाइएको छ । चालु आवको पहिलो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ । गत कात्तिक मसान्तसम्ममा सरकारले २९ अर्ब ९८ करोड ९४ लाख रुपैयाँ बराबर पुँजीगत खर्च गरेको छ । यही अवधिमा सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा भने ८१ अर्ब ६४ करोड ४४ लाख रुपैयाँ बराबर खर्च गरेको छ ।

# 'पुनःनिर्माणलाई जनताको सेवा गर्ने अवसर'




**रासस**
**सल्ल्यान ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भूकम्पबाट क्षतिग्रस्त रुकुमपश्चिम र जाजरकोट जिल्लाका संरचनाको पुनःनिर्माणलाई जनताको सेवा ठानेर इमानदारीका साथ काम गर्न स्वयंसेवकहरूलाई आग्रह गरेकी छन् । सल्ल्यान दार्मा गाउँपालिकाको आयोजनामा वडा नम्बर ५ स्थित ढाकाडामकोटमा भूकम्पप्रभावित परिवारका निम्ति अस्थायी आवास तथा शौचालय निर्माणका लागि परिचालन भएका स्वयंसेवकहरूलाई सम्बोधन गर्दै मन्त्री शर्माले सरकार, राजनीतिक पार्टी र जनता सबैले पुनःनिर्माणलाई सेवाभावका साथ आआफ्नो क्षेत्रबाट काम गर्नुपर्ने बताइन् । भूकम्पीडितलाई त्रिपालबाट अस्थायी आवासमा यथासक्य चाँडो सार्न तथा उनीहरूको पुनःस्थापनाको कामलाई युद्धस्तरमा अघि बढाउनुपर्ने बताउँदै मन्त्री शर्माले पुनःनिर्माणको काम एक वर्षभित्र सम्पन्न गर्ने सरकारको निर्णय साकार पार्न सम्बद्ध सबैको सहयोग अपरिहार्य भएको स्मरण गराइन् । भूकम्पबाट सल्ल्यान दार्मा गाउँपालिकामा ठूलो भौतिक क्षति भएको छ । एक हजार एक सय ७९ वटा घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन् भने एक हजार ८१ घरमा आंशिक क्षति भएको छ । पालिकाभित्रका २१ सामुदायिक विद्यालय, पाँच वटा स्वास्थ्य संस्था र तीन वटा वडा कार्यालयमा क्षति भएको छ । एक हजार एक सय ७९ घरका छ हजार तीन सय १८ जना विस्थापित भएको दार्मा गाउँपालिकाले जनाएको छ ।

# कृषि उद्यममा लगानी बढाउँदै झापाको सहकारी



**रासस**
**झापा ।**
नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी)ले बचत तथा ऋण कारोबारसँगै रोजगारी सिर्जना हुने कृषि, उद्योग र व्यापारमा उल्लेख्य लगानी गरेको छ । संस्थाले डेरी उद्योग, एग्रो फार्म, सहकारी पसल र चिया उद्योगमा ७० करोड ५१ लाख ३७ हजार तीन सय चार रुपैयाँ लगानी गरेको अध्यक्ष ठाकुरप्रसाद शिवाकोटीले बताए ।

मेचीनगर नगरपालिका–६ काँकडभिट्टामा प्रधान कार्यालय रहेको यस संस्थाको ५८ वटा सेवा केन्द्र झापा, मोरङ र इलाम जिल्लामा सञ्चालनमा छन् । सबैभन्दा बढी लगानी एनएमसी एग्रो फार्ममा रहेको छ । मेचीनगर–१४ दुहागढीमा १६ बिघा क्षेत्रफलमा सञ्चालित उक्त फार्ममा संस्थाले २२ करोड ७५ लाख ९६ हजार आठ सय ३४ रुपैयाँ लगानी गरेको छ । अध्यक्ष शिवाकोटीका अनुसार पाँच वर्षअघि स्थापित उक्त फार्ममा हाल ८० वटा उन्नत जातको गाईपालन, ५० वटाभन्दा बढी कृषियन्त्र रहेको 'कस्टम हाइरिङ' सेवा, ५० घार मौरीपालन, पाँचवटा पोखरीमा माछापालन र हाँसपालन भइरहेको छ । कृषि तथा पशुपालनलाई व्यावसायिकरूपमा अघि बढाउने उद्देश्यका साथ सञ्चालित उक्त फार्ममा वार्षिक १४ लाख केजी साइलेज (पशु आहार) र फलफूल र तरकारीका एक लाख ७५ हजार बिरुवा उत्पादन हुँदै आएको छ ।

फार्मबाट उत्पादित महलाई संस्थाले आफ्नै ब्राण्डमा बजारमा बेच्न सुरु गरेको छ । संस्थाले 'एनएमसी' ब्राण्डको चिया, मह र डेरीका उपभोग्य वस्तु उत्पादन गर्दै आएको छ । दुई वर्षअघि मात्र चिया क्षेत्रमा प्रवेश गरेको सहकारीले झापाको मेचीनगर–३ सुरेन्द्रनगर, इलामको सिद्धपोखरी र साँघुबेँसीमा गरी तीनवटा चिया कारखाना सञ्चालन गरिरहेको छ । तीनवटै कारखानाबाट 'अग्र्यानिक अर्थोडक्स' चिया उत्पादन हुँदै आएको छ । जसको ८५ प्रतिशत उत्पादन विदेशमा निर्यात हुने गरेको छ । आर्थिक वर्ष २०७९÷८० मा एनएमसीले दुई करोड दुई लाख १३ हजार छ सय छ रुपैयाँ मूल्य बराबरको ८६ हजार पाँच सय ७८ केजी अग्र्यानिक चिया भारत निकासी गरेको संस्थाका पूर्वअध्यक्ष रामचन्द्र उप्रेतीले बताए । आफ्नै फार्म र संस्थाका सदस्य किसानले उत्पादन गरेको वस्तु बिक्रीका लागि संस्थाले झापामा १६ र इलाममा एउटा गरी १७ वटा सुपरमार्केट शैलीका सुपथ सहकारी पसल सञ्चालन गरिरहेको छ । चार वर्षअघि सुरु भएको एनएमसी सहकारी पसलमा संस्थाले १९ करोड ९२ लाख १७ हजार छ सय १० रुपैयाँ लगानी गरिसकेको छ । गुणस्तरीय सामग्रीको बिक्री गर्ने पसलका रूपमा यसका बिक्री पसलले आम उपभोक्तामाझ अलग र विश्वसनीय पहिचान बनाएको उप्रेतीको दाबी छ । संस्थाले सञ्चालन गरेको अर्को महत्त्वपूर्ण व्यवसाय डेरी उद्योग हो । मेचीनगर–८ मा स्थापना भएको एनएमसी डेरी उद्योगले स्थानीय किसानबाट दैनिक १५ हजार लिटर कच्चा दूध सङ्कलन गरी प्रशोधन गर्दै आएको छ । आठ वर्षअघि स्थापना भएको उक्त उद्योगमा संस्थाले १५ करोड रुपैयाँ लगानी गरेको जनाएको छ । उद्योगमा छ हजार पाँच सय किसान प्रत्यक्षरूपमा जोडिएका छन् भने दैनिक सरदर १३ लाख रुपैयाँको कारोबार भइरहेको बताइएको छ । उद्योगले कच्चा दूधलाई प्रशोधन गरी प्रशोधित दूध, दही, पनिर, नौनी, घिउ, मिठाइ उत्पादन गर्दै आएको उद्योगका डेरी व्यवसाय प्रमुख नवराज अधिकारीले जानकारी दिए ।

विसं २०५० मा स्थापना भएको नेपाल बहुउद्देश्यीय सहकारी संस्थामा हाल एक लाख ५० हजार सदस्य छन् । आव २०७९÷८० मा संस्थाको सेयर पुँजी एक अर्ब ४० करोड रुपैयाँ र निक्षेप मौज्दात नौ अर्ब ३८ करोड ३० लाख २९ हजार छ सय ८५ रुपैयाँ रहेको थियो । संस्थाले कृषि तथा उद्योग व्यवसायमा लगानी बढाएसँगै रोजगारीको उल्लेख्य सिर्जना भएको छ । हाल संस्थामा एक हजार एक सय ४४ जना वैतनिक कर्मचारी कार्यरत छन् । बचत तथा ऋण व्यवसायमा नौ सय ७९, सहकारी पसलमा एक सय १०, डेरी व्यवसायमा ७९, एग्रो फार्ममा ५८, चिया व्यवसायमा ५७ र कर्पोरेट कार्यालयमा ४३ जना कर्मचारी कार्यरत छन् ।

# पोखरा र झापाले अंक बाडे

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सुपर लिग(एनएसएल)अन्तर्गत झापा एफसी र पोखरा थन्डर्सले बराबरी खेल्दै अंक बाडेका छन् । दशरथ रङ्गशालामा रोमाञ्चक बनेको एनएसएल अन्तर्गत झापा एफसी र पोखरा थन्डर्सबीचको खेल १–१ गोलको बराबरीमा सकिएको हो । खेलमा पोखराले पहिलो हाफमा नै अग्रता लिएको थियो । झापाले दबाब बनाए पनि खेलको १९औँ मिनेटमा जो आईडूको क्रसमा मोसेस ग्याबाले हेडमार्फत आकर्षक गोल गर्दै पोखरालाई अग्रता दिलाए ।

निर्धारित तथा इन्जुरी समयको अन्तिमसम्म एक गोलको अग्रता बनाएको पोखरा अन्ततः अन्तिम केही



सेकेन्ड सम्हालिन नसक्दा अङ्क बाँड्न बाध्य भएको हो । पोखराले आफ्नो अग्रता अधिकांश समय जोगाए पनि इन्जुरी समयमा सम्हालिन नसक्दा खेल बराबरीमा सकिएको हो । इन्जुरी समयको आठौं मिनेटमा सुमित श्रेष्ठको क्रसलाई गोलरक्षक प्रिसोले वानटच समाउन नसकेको बललाई समन्दर ओचिलोभले गोलमा परिणत गर्दै खेल १–१ गोलको बराबरीमा ल्याए । खेल अवधिभर झापाले तुलनात्मक रुपमा राम्रा अवसर सिर्जना ग¥यो । अझ पहिलो हाफमा झापाले गोलका एकपछि अर्को अवसर चुकाउँदा बराबरी गर्ने मौका गुमाएको थियो । तर आफ्नो सोही लय दोस्रो हाफमा कायम राख्न झापा असफल हुँदा पोखराले एक गोलको अग्रता जोगाएको थियो । ६ सट अन टार्गेट राख्दा पोखराले ५ सट पोस्टमा प्रहार गऱ्यो । जसमा दुबै पक्षले समान १–१ गोल गरे । तुलनात्मक रुपमा आक्रमक खेल खेलेको पोखराले १५ फल गर्दा उसका एक खेलाडी दोहोरो पहेंलो कार्डका कारण मैदानबाट बाहिरिएका थिए । निर्धारित समयको अन्तिम मिनेट बाँकी रहँदा पोखराका सब्सटिच्युट खेलाडी कमल बहादुर थापा दोहोरो पहेंलो कार्डका कारण रातो कार्ड पाएर मैदानबाट बाहिरिएका थिए । जसको मुल्य इन्जुरी समयमा पोखराले चुकायो । बराबरीपछि पोखराको बेन्च भने आक्रोशित देखियो । रेफ्री प्रज्वल क्षेत्रीले ६ मिनेट थप गरिएको इन्जुरी समयमा थप इन्जुरीका कारण उनले समय लम्ब्याए, जसको परिणाम आठौं मिनेटमा पोखरा गोल खान पुगेको थियो ।

# मोटरसाइकलबाट लड्नेबित्तिकै बसले किच्दा मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको तिलावे पुलस्थित सडक खण्डमा मोटरसाइकल दुर्घटनामा घाइते युवकलाई बसले किच्दा घटनास्थलमै मृत्यु भएको छ । बिन्दवासिनीको तिलावे पुलमा शनिबार बिहान वीरगंजबाट पोखरिया गइरहेको बा७३प ४५२८ नम्बरको मोटर साइकललाई पोखरियाबाट आइरहेको ना३५प ६४०० नम्बरको मोटरसाइकलले ठक्कर दिएको हो । ठक्करबाट सर्लाही, रामनगर गाउँपालिका वडा नम्बर ६ सिसवा टोलका ३५ वर्षीय अभय झा घाइते भएको र उनलाई वीरगंजबाट पोखरीया जाँदै गरेको ना८ख ४८६१ नम्बरको बसले ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको हो । तिव्र गतिमा रहेको बसले घाइते झालाई किचेको र उनको घटनास्थलमै मृत्यु भएको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरिक्षक धर्मजङ् थिङले जानकारी दिए । मोटरसाइकल दुर्घटनामा ना३५प ६४०० नम्बरको मोटरसाइकल चालक पर्सा, कालिकामाई गाउँपालिका वडा नम्बर २ का २९ वर्षीय अखिलेश कुमार मण्डल घाइते भएका छन् । उनको वीरगंज स्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ । ठक्कर दिने बसका चालक सिन्धुली, कमलामाई नगरपालिकाका विष्णु कुमार दर्जीलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । ठक्कर दिने बस प्रहरी नियन्त्रणमा छ । उता, पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको सुरुङ्गा नगरपालिका वडा नम्बर ४ को कदमाहामा शनिबार ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा सुरुङ्गा–४ का ३५ वर्षीय मो. हारुनको घटनास्थलमै ज्यान गएको छ । पूर्वबाट पश्चिमका लागि छुटेको म प्र ०१–००१ ख ०३६७ नम्बरको ट्रकले पूर्व गइरहेको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको ज्यान गएको सप्तरीका प्रहरी प्रवक्ता ढुण्डीराज नेउपानेले जानकारी दिए ।

# ‘प्रसाद’ जति मल आएपछि किसानलाई अपुग

**छठु साह**
**वीरगंज ।**
पर्साको ग्रामीण क्षेत्रमा रासायनिक मल अभावका कारण किसान मारमा परेका छन् ।

मागको तुलनामा थोरै मल आएपछि समस्या भएको हो । मागको अनुपातमा मन्दिरमा बाँडिने ‘प्रसाद’ जस्तो थोरै मल आएपछि किसान भारतीय बजार पुग्नु पर्ने बताध्यता छ । पालिकाले वडामा निर्धारण गरेको मलको परिमाणले किसानलाई नपुग्दा गहुँ तथा मुसुरो छर्न ढिलाइ भएको छ ।

६ सयदेखि १ हजार २ सयसम्म घरधुरी रहेको वडामा ५० देखि १ सय बोरा मल जाँदा किसानलाई अपुग भएको कालिकामाई गाउपालिका वडानम्बर २ का मुस्तुफा राउत गदीले बताए । मल कम पाउँदा किसान आक्रोशित भएको र वितरणमा समेत समस्या आएको कृषि सहकारी संस्थाले जनाए । क्षेत्रफलका आधारमा कोटा निर्धारण गर्दा मल अपुग हुने गरेको किसान गदीले बताए । ५० बोरा मल वितरणका लागि जाँदा सैयौँ किसान लाइन बस्ने गरेको र २० किलो मल पाउनसमेत समस्या भएको गुनासो किसानको छ । कृषि सामग्री संस्थान र साल्ट ट्रेडिङबाट वितरण हुँदै आएका मल एक त समय नआउने र अर्कोतर्फ चाहिने जति नपाउदा कठिनाई भएको जिल्ला कृषि सहकारी संस्थाका नरेश गुप्ताले बताए । पर्साका ग्रामीण भेगमा मल नपाउदा किसान भारतको सिमावर्ती बजार सिक्टा, भेलवा, इनारर्वा, मैनाटाड र रक्सौल जान बाध्य भएका छन् ।

# कृषिमा युवालाई प्रोत्साहन दुई हजार बिरुवा प्रदान



**मधेशदृष्टि**
**वीरगंज ।**
युवालाई फलफूल तथा फूल खेतीमा आकर्षित गर्न ग्रिनसिटी सामुदायिक केन्द्रको पहलमा शनिबार वीरगंज महानगरपालिका वडा नम्बर १६ इनरुवामा व्यावसायिक फूलखेतीका लागि गुलाब, सयपत्रीलगायत विभिन्न प्रजातिका २ हजार विरुवा रोपिएको छ ।

सानो व्यवसायबाट पनि राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उद्देश्यका साथ विदेश पलायन भएका युवालाई स्वदेशमै सानो भए पनि व्यावसायिक कृषिमा आकर्षित गर्न निःशुल्करुपमा फूलका बिरुवा उपलब्ध गराइएको हो । फूलखेतीका लागि वीरगंज इनरुवाका युवा रमेश पटेललाई प्रोत्साहित गरिएको ग्रिनसिटी समुदायिक केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताए ।

पटेलको डेढ बिघा जग्गामा शनिबार विभिन्न प्रजातिका २ हजार थान फूलका बिरुवा रोपेर व्यावसायिक फूलखेती प्रारम्भ गरिएको खेतानले बताए । व्यावसायिक फूलखेतीका लागि बिरुवा रोप्ने कार्यक्रम पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले शुभारम्भ गर्दै कृषिक्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणमा युवा जनशक्ति जुट्नु पर्नेमा जोड दिए । युवालाई प्रोत्साहित गरी व्यावसायिक फूलखेती गर्न ग्रिनसिटीले निःशुल्क बिरुवा उपलब्ध गराउँदै आएको संस्थाका अध्यक्ष खेतानले आर्थिक मन्दीले युवा विदेशिने क्रम बढ्दै गएको र त्यसलाई रोक्न युवा जनशक्तिलाई रोजगारमुलक कार्यक्रममा लगाउनु पर्नेमा जोड दिए । कार्यक्रममा जिला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापा, सशस्त्र प्रहरीका नायब उपरीक्षक देवेन्द्रबहादुर सिंह, श्रीपुर प्रहरीका प्रहरी निरीक्षक धर्मजंग थिङ र प्रहरी निरीक्षक मनिषा लोढारी, वीरगंज भन्सारका केशव राज ओली, इनरुवा गाउँका ओसियर राउत कुर्मी, रमेश पटेल, अमल पटेल, शत्रुघन यादव, रहमती मियाँ, शिव शंकर यादवलगायतको सहभागिता थियो ।

# माओवादीको मधेश प्रदेश आइसिटी फोरम

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा माओवादी केन्द्र मधेश प्रदेशमा आइसिटी फोरम गठन भएको छ । पार्टी गतिविधि र पार्टीले लिएको नीति जनस्तरसम्म पुर्याउन प्रचार तथा प्रकाशन विभाग र आइसिटी फोरम गठन गर्ने निर्णयअनुसार मधेश प्रदेशमा आइसिटी फोरम गठन भएको हो ।

सर्लाहीको बागमती नगरपालिकामा शनिबार भएको भेलाले भूपेन्द्र यादवको संयोजकत्वमा २१ सदस्यीय आइसिटी फोरम मधेश प्रदेश गठन गरेको छ ।

समितिमा शिवनाथ यादव (पर्सा), अशेष ढुंगाना, राकेश चौधरी (बारा), रुपेश यादव र चेत बोलखे (रौतहट), शर्मिला रमौली, सलिना मगर, राजेश थापा, एस टेक र नविन यादव (सर्लाही), सुनिता बराल (महोत्तरी) सदस्य छन् । त्यस्तै, धनुषाबाट शैलेन्द्र महतो, जयप्रकाश मण्डल, विवेक परियार, आशानन्द यादव (सिरहा), गजेन्द्र यादव र बसन्त यादव (सप्तरी) सदस्य छन् ।

भेला उद्घाटन गर्दै नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य, प्रचार तथा प्रकाशन विभागका सचिव एवम् आइसिटी फोरमका अध्यक्ष गोविन्द आचार्यले पार्टीको कामकारबाही र गतिविधि जनस्तरसम्म पुग्न नसक्दा माओवादीले गरेका राम्रै काम जनताका बीचमा जान नसक्दा विश्वास जित्न नसकेकाले पार्टीका सकारात्मक कामलाई जनतामा पुग्नेगरी काम गर्न आइसिटी फोरमको भूमिका महत्वपूर्ण हुने बताए । उनले नेकपा माओवादी नेतृत्वमा सुशासनलगायत महत्वपूर्ण भएका कामसमेत स्थानीय जनताबीचमा लैजान नसक्दा माओवादी पार्टीले गरेका राम्रा कामको जस समेत अरुले लिन थालेको बताए । कार्यक्रममा मधेश प्रदेशका ८ वटै जिल्लाका प्रचार तथा प्रकाशन विभाग सदस्यले पार्टीको जिल्ला नेतृत्व तहले अझै पनि जनवर्गीय संगठनलाई बेवास्ता गरेको र पार्टी संगठन भन्दा नेताप्रति बढी केन्द्रित हुँदा माओवादी झन कमजोर हुँदै गएकाले यसमा नेतृत्वले विचार गर्नुपर्ने धारणा राखे ।

# गाँजा नष्ट अभियान जारी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ग्रामीण भेगमा लगाइएको गाँजा फँडानी गर्न प्रहरी र सशस्त्र प्रहरीले सक्रियता बढाएको छ । गाँजा फँडानी अभियानअन्तर्गत प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले शनिबार ठोरी गाउँपालिकामा लगाइएको गाँजा फडानी गरेको हो । ठोरी गाउँपालिका वडा नम्बर ५ स्थित ठूलो बाघमोर्चा, गड्डुवा लाइन, क्षेत्रीलाइनमा अवैधरुपमा लगाइएको १५ कठ्ठा क्षेत्रफलमा लगाइएको गाँजा फँडानी गरिएको सुवर्णपुर प्रहरी चौकीले जनाएको छ । गाँजा खेती कसले गरेको भन्ने विषयमा सोधखोज चलिरहेको प्रहरीले जनाएको छ । जिल्लामा गाँजा खेती फस्टाउँदै गएको समाचार आएपछि प्रहरीले गाँजा नष्ट गर्ने अभियान चलाएको हो । प्रहरीको गाँजा फडानी अभियानअन्तर्गत अहिलेसम्म करिब डेढ बिघामा लगाइएको गाँजा फँडानी गरिएको पर्सा प्रहरीले जनाएको छ ।

# कन्सुलेटद्वारा दुर्गा भगवती अनुगमन



**मधेशदृष्टि**
**रौतहट ।**
भारतीय दूतावास वीरगंजका कन्सुलेट शैलेन्द्र कुमारले शनिबार दुर्गाभगवती गाउँपलिकामा स्थलगत अनुगमन निरीक्षण गरेका छन् । गाउँपालिका अध्यक्ष शम्भु सिंहको पहलमा कन्सुलेट शैलेन्द्र कुमारले दुर्गाभगवती गाउँपालिका अनुगमन भ्रमण गरेका हुन् । अध्यक्ष सिंह र वडानम्बर ३ का अध्यक्ष धर्मेन्द्र कुमार झा, स्तम्भकार श्रीमननारायण, उमेश झा, हेमन्त झालगायतले कन्सुलेट शैलेन्द्र कुमारलाई स्वागत गरेका थिए । अध्यक्ष सिंहको विशेष अनुरोधमा वडा नम्बर ५ बड़हरवास्थित जीर्ण विद्यालय भवन, वडा नम्बर ३ मत्सरीस्थित संस्कृति मावि, वडा नम्बर २ भलोयिहास्थित सरस्वती माविको प्रशासनिक भवन निरीक्षण भएको थियो । त्यसका साथै गाउँपालिकामा एम्बुलेन्स सेवा र विद्यार्थीका लागि स्कुल बससँगै पालिकामा रहेको विभिन्न समस्याबारे गाउँपालिका अध्यक्ष सिंहले ध्यानाकर्षण गराएका थिए । कन्सुलेट शैलेन्द्र कुमारले दुर्गा भगवती गाउँपालिकाको समस्या समाधान गर्न सक्दो पहल गर्ने प्रतिवद्धता जनाएको स्तम्भकार श्रीमान नारायणले जानकारी दिए ।

# मनोज ग्यासका म्याद गुज्रेका सिलिन्डर नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
मनोज ग्यास उद्योगले म्याद गुज्रेका सिलिन्डर नष्ट गर्न थालेको छ । सिलिन्डरको हाइड्रोलिक परीक्षण गरी म्याद गुज्रेको सिलिन्डर नष्ट गर्न सुरु गरिएकोसञ्चालक मनोजकुमार दासले जानकारी दिए । पहिलो चरणमा म्याद गुज्रेको एक हजार २७ सिलिन्डर विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको रोहवरमा जगदम्बा स्टिल प्रालिको सहयोगमा नष्ट गरिएको उनले बताए । सिलिन्डर निर्माण भएको १० वर्षमा हाइड्रोलिक परीक्षण गर्नुपर्ने र गुणस्तरहीन देखिने सिलिन्डर नष्ट गर्नुपर्ने व्यवस्था भएअनुसार परीक्षण गर्दा गुणस्तरहीन पाइएका एक हजार २७ सिलिन्डर नष्ट गरिएको सञ्चालक दासको भनाइ छ । उनका अनुसार पहिलो चरणमा ६४८१७४ टी, २०९३ टी, ५५२६८ टी, ३९४६५२ एपिएल, ३९४६५२ टी र १८२३ टी सिरियल नम्बर भएको सिलिन्डर नष्ट गरिएको छ । क्रमशः पाँच–पाँच वर्षमा सिलिन्डरको हाइड्रोलिक परीक्षण गरिने र गुणस्तरहीन पाइने सिलिन्डर पनि नष्ट गरिने बताइएको छ । सिलिन्डर नष्ट गर्ने क्रममा वीरगंज महानगरपालिका–२१ का वडाअध्यक्ष राधाकृष्ण रौनियार, नापतौल तथा गुणस्तर कार्यालय वीरगंजका रामप्रसाद लम्साल, उपभोक्ता तथा वाणिज्य कार्यालयका सूचना अधिकारी दिलीप खड्ग, नेपाल आयल निगमका वेब प्रशिक्षक यशबहादुर गुरुङ, सञ्चारकर्मी लगायत सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

# अमलेखगंजमा स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**बारा ।**
अमलेखगंजमा शनिबार निःशुल्क स्वास्थ्य शिविर भएको छ । प्रभु हस्पिटल वीरगंजको सहभागिता र सङ्गालो बचत तथा ऋण सहकारी संस्थानको आयोजनामा निःशुल्क स्वास्थ्य शिविर भएको हो ।

शिविरमा प्रभु हस्पिटलका वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. लक्ष्मी थापा गुप्ता, वरिष्ठ स्त्रीरोग तथा ल्याप्रोस्कोपी सर्जन डा. वीरेन्द्र भगत, वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. अरविन्द साह, वरिष्ठ फिजिसियन डा. शिवकुमार झा, वरिष्ठ बालरोग विशेषज्ञ डा. असलम अन्सारी, दन्तरोग विशेषज्ञ डा. ज्योति गुप्ता, वरिष्ठ युरोलोजिस्ट डा. रुपेश कुमार झालगायतको टोलीले महिला, वृद्धा एवम् बालबालिकाको स्वास्थ्य जाँचका साथै जनचेतनामूलक परामर्श दिइएको प्रभु हस्पिटलले जनाएको छ । शिविरमा जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ का वडाध्यक्ष सुबास श्रेष्ठसहित स्थानीय सर्वसाधारणले स्वास्थ्य परीक्षण गराएका थिए ।

# वीरगंज जेसीजमा चौधरी

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज जेसीजको ५१औँ वार्षिक साधारण सभा शनिबार नयाँ नेतृत्व चयन गर्दै जेसीज सचिवालयमा भएको छ । साधारण सभाले वर्ष २०२४ का लागि अजय चौधरीको अध्यक्षतामा निर्विरोधरुपमा कार्य समिति चयन गरेको छ । कार्य समितिको कार्यकारिणी उपाध्यक्ष अजय राउत, सुजित वणककवाल, कानुनी सल्लाहकार सरोज चौरसिया, महासचिव तपेन्द्र चौधरी, कोषाध्यक्ष सुखसागर गौरो, उपाध्यक्ष पप्पु गुप्ता, अजय ओझैया, सेराज अन्सारी, देवराज प्रसाद र बोर्ड सल्लाहकारमा त्रिलोकी नाथ साह चयन भएको वीरगंज जेसीजका पूर्वअध्यक्ष सन्तोष खनालले जानकारी दिए । नयाँ नेतृत्व चयनका लागि वीरगंजले रन्जन राउतलाई निर्वाचन अधिकृत तोकेको थियो । साधारण सभा वीरगंज जेसीजका अध्यक्ष अरविन्द श्रेष्ठको अध्यक्षतामा भएको हो ।

# तीन वर्षमा ६ हजार सुरक्षाकर्मी कारबाहीमा

**सञ्जय मिश्रा**
**रौतहट ।**
प्रहरी, सशस्त्र प्रहरी र सेनामा आचरणविपरीत गतिविधिमा संलग्न झण्डै ६ हजार सुरक्षाकर्मी कारबाहीमा परेका छन् । आर्थिक प्रलोभन, राजनीतिक दबाबलगायत विभिन्न बहानामा संगठनको आचरणविपरीत गतिविधि गर्ने प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका सदस्य कारबाहीमा परेका हुन् । आपराधिक गतिविधिमा सशस्त्र प्रहरी र सेना भन्दा नेपाल प्रहरीको संलग्नता बढी देखिएको छ । संगठनको आचरणविपरीत गतिविधि गरेर कारबाहीमा पर्ने प्रहरीका कार्यालय सहयोगीदेखि वरिष्ठ एसएसपीसम्म छन् । प्रहरी प्रधान कार्यालयको पछिल्लो तीन आर्थिक वर्षको तथ्यांकअनुसार, पाँच हजार ८ सय ६६ प्रहरी कर्मचारीमाथि कारबाही भएको छ । आर्थिक वर्ष २०७७–७८ मा एक हजार ९ सय ८२ प्रहरी कर्मचारी कारबाहीमा परेका छन् । त्यस्तै, २०७८–७९ मा एक हजार ८ सय ६० प्रहरी कारबाहीमा परेका छन् । त्यस्तै, २०७९–८० मा दुई हजार २४ जना कारबाहीमा परेका छन् । यसरी कारबाहीमा परेकामध्ये ८९ जना सिनियर प्रहरी अधिकारी छन् । ६४ प्रहरी निरीक्षक, १६ डीएसपी र १० एसपी कारबाहीमा रहेका छन् ।

आचरणविपरीत काम गर्ने प्रहरी कर्मचारीलाई कसुर हेरेर ग्रेड घटुवादेखि बर्खास्तसम्मका कारबाही भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । सशस्त्र प्रहरी र सेनामा पनि कारबाहीको संख्या प्रहरीको तुलनामा कम भए पनि शून्य भने छैन ।


## भावपूर्ण श्रद्धाञ्जली



स्व. शिवहरि भट्टराई

*सिंगो जिन्दगी जिल्लामा बसेर पत्रकारितामै बिताउनु भएका, सप्तरीमा रहेर अविराम मोफसल र मधेशको पत्रकारितामा क्रियाशील अग्रज पत्रकार एवम् मिडिया काउन्सिल मधेश प्रदेशका संस्थापक अध्यक्ष स्व. शिवहरि भट्टराईको प्रथम वार्षिक पुण्यतिथिमा उहाँमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ ।*

**मिडिया काउन्सिल (परिवार)**
**मधेश प्रदेश, जनकपुरधाम**



## सुचना ! सुचना !! सुचना !!!

यस जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित सम्पूर्ण संस्थागत विद्यालयका संस्थापक/प्रिन्सिपलज्यूलाई जानकारी गराइन्छ कि आ-आफ्नो स्कूलबाट T.C. नलिई अन्य स्कूलमा भर्ना गराइएको विद्यार्थीको सम्पूर्ण विवरण यही मंसिर २० गते सम्म PABSON वा N-PABSAN नगर कमिटीमा दर्ता गराउन अनुरोध छ। उक्त समयपछि T.C. चेक जाँचमा आउँदा विना T.C. विद्यार्थी भर्ना भएको पाइएमा भर्ना लिने विद्यालय नै नेपाल सरकारको शिक्षा नियमावलीबमोजिम दोषी ठहर भई त्यस स्कूलमाथि सामाजिक, प्रशासनिक कारबाही साथै पत्रपत्रिका तथा समाचारमा समेत विद्यालय, विद्यार्थी तथा अभिभावकको नाम, ठेगानासहित आउने हुँदा यसै समय सिमाभित्र T.C. (Transfer Certificate) लिनु हुन अभिभावक साथै हाल अध्ययनरत विद्यार्थीलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आग्रहकर्ता
**N-PABSAN तथा PABSON**
इकाई कमिटी
जनकपुरधाम उपमहानगरपालिका


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन